म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ११२ मंगलबार १८ मंसिर २०८१ ने. सं. ११४५ थिलाथ्व 3 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ठगीको आरोपमा ब्लोनसहित तीनजना पक्राउ

हेटौंडा, १७ मंसिर/वैदेशिक रोजगारमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको आरोपमा प्रहरीले मकवानपुरका एकसहित तीनजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुरको ईन्द्रसरोबर गाउँपालिका-३ घरभई काठमाडौं महानगरपालिका-१५ बस्ने ३२ वर्षीय चन्द्र ब्लोन, चितवनको राप्ती नगरपालिका-७ घरभई ललितपुर महानगरपालिका-१५ बस्ने ४४ वर्षीय धीरेन्द्र चौधरी, धनुषाको धनुषाधाम नगरपालिका-७ घरभई काठमाडौं महानगरपालिका-७ बस्ने ३६ वर्षीय राजकुमार महरा रहेका छन् । प्रहरीका अनुसार, पक्राउमध्ये धीरेन्द्रले क्यानडा पठाइदिन्छु भन्दै १ जना पीडितबाट ३ लाख ४८ हजार रुपैयाँ, राजकुमारले कुवेत पठाइदिन्छु भन्दै १ जना पीडितबाट १ लाख ९० हजार रुपैयाँ र चन्द्रले माल्टा पठाइदिन्छु भन्दै १ जना पीडितबाट १ लाख रुपैयाँ लिएर सम्पर्कबिहीन भएका थिए । पीडितहरुको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले धीरेन्द्रलाई ललितपुर मनपा-१५ बाट, राजकुमारलाई काठमाडौं-७ बाट बिहीबार र चन्द्रलाई काठमाडौं-१२ बाट शुक्रबार पक्राउ गरेको हो ।

### मन्त्री महर्जनद्वारा बकैया खेलग्रामको उद्घाटन

# गाउँमा खेलमैदान निर्माणमा चासो बढ्दै

साझाकुरा संवाददाता



हेटौंडा, १७ मंसिर/ २०७६ सालबाट युवा तथा खेलकुद मन्त्रालय र बकैया गाउँपालिकाले वर्षेनी खेलग्रामका लागि बजेट विनियोजन गर्दै आएका छन् । पछिल्लो समय स्थानीय सरकारले खेलकुद क्षेत्रमा बजेट बिनियोजन गर्ने र खेलाडीलाई हौसला प्रदान गर्नका लागि बिभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्दै आएका छन् ।

बकैया-५ कर्मचुलीमा हालसम्म १ करोड ५१ लाख रुपैयाँ खर्चेर फुटबल रंगशाला, प्यारापिट, व्यवस्थित शौचालय, टिकट काउन्टर तथा सुरक्षाकक्ष निर्माण गरिएको छ । ५२ कठ्ठा क्षेत्रफलमा सिमेन्टेड वाल निर्माण गरिएको क्लबका अध्यक्ष कृष्ण घतानीले जानकारी दिए । बागमती प्रदेशका युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले बकैया गाउँपालिका-५ कर्मचुलीस्थित बकैया खेलग्रामको सोमबार उद्घाटन गरेका छन् । करिव तीन साताअघि मनहरी गाउँपालिका-४ मसिनेमा पुगेर मन्त्री महर्जनले पशुपतिनाथ माविको मसिनेस्थित खेलमैदानको डीपीआर तयार गरी ब्यवस्थित गर्न प्रदेश सरकार तयार रहेको बताएको थिए ।

मनहरी गाउँपालिकाभित्र अन्तर्राष्ट्रिय मापदण्डको फुटवल मैदान निर्माण गर्न मसिनेस्थित गोलघर खेलमैदान उपयुक्त हुने देखिएकोले यो खेलमैदानलाई डीपीआर तयार गरी प्रदेश सरकारले क्रमागत रुपमा बजेट बिनियोजन गर्न जरुरी रहेको स्थानीय पवन खड्का बताउँछन् । पशुपतिनाथ मावि ब्यवस्थापन समितिका पूर्वअध्यक्ष खड्कालाई यो खेलमैदान ब्यवस्थित बनाएर गाउँपालिकाको हरेक खेलप्रतियोगिता यही चौरमा भएको हेर्न मन छ । मनहरी गाउँपालिका उपाध्यक्षकप भलिवल र चैनपुर जेसीज मनहरीको खुला फुटवल प्रतियोगिता यही मैदानमा सम्पन्न भएको थियो ।

स्थानीय सरकाले मात्रै सम्पन्न गर्न नसक्ने योजनालाई प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गर्ने क्रम बढेको छ । केहीवर्ष अघि भीमफेदीको निबुवाटारमा खेलमैदान निर्माण गरेको थियो । थाहानगरको ईन्द्रायणीचौरमा मिनि रंगशालामा लगानी गरिएको थाहानगरका पूर्वनगरप्रमुख लवशेर बिष्टले जानकारी दिए । थाहानगरको आग्रामा पनि खेलमैदान स्तरीकरण गर्ने काम भएको र टिस्टुङमा पनि स्थानीयको माग बमोजिम खेलमैदान निर्माण भएको थाहानगर पूर्वप्रमुख बिष्ट बताउँछन् ।

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय र बकैया गाउँपालिकाको आर्थिक सहयोग तथा जनएकता क्लबको समन्वयमा निर्माण गरिएको खेलग्रामको सोमबार एक समारोहबीच उद्घाटन गरिएको हो । मन्त्री महर्जनले बागमती प्रदेश सरकार खेलकुदमैत्री रहेको दावी गर्दै आफू पनि खेलकुद क्षेत्रबाटै यहाँसम्म आएको जानकारी गराए । 'म १२ वर्षको उमेरदेखि खेलकुदमा लागेको मान्छे हुँ, मैले मेरो जीवन खेलकुदमै बिताएकोले म यसको सम्भावना, समस्या र चुनौतीको बारेमा जानकार छु', मन्त्री महर्जनले भने, 'मैले रोजेरै खेलकुद मन्त्रालयको जिम्मेवारी लिएको हुँ । बागमती प्रदेशको खेलक्षेत्रको विकासमा योजनाबद्ध कार्य गर्नेछु ।'

उनले प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँ र बकैया गाउँपालिकाका पूर्वअध्यक्ष दामोदर खनालले आफूलाई खेलग्रामको विषयमा पहिले नै जानकारी गराइसकेको स्मरण गर्दै प्रदेश सरकारको तर्फबाट खेलग्रामको विकासका लागि सक्दो सहयोग गर्ने बताए । खेलक्षेत्रमा युवा आकर्षण बढाउँदै खेलेरै परिवार धान्न सक्ने अवस्था निर्माण गर्नुपर्ने उनको भनाई थियो । बकैया गाउँपालिकाका पूर्वअध्यक्ष खनाल र हालका उपाध्यक्ष भक्तबहादुर खत्रीले बकैया खेलग्रामलाई नमूना खेलग्रामको रुपमा विकास गरेर बकैयालाई खेलकुदमैत्री गाउँपालिका बनाउन सबैले हातेमालो गरेर अगाडि बढ्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा बकैयाका खेलकुद विकास संयोजक विजय लामालगायत स्थानीय राजनीतिक दलका नेता, नागरिक समाजका अगुवाले खेलकुद क्षेत्रको प्रवर्द्धनको सवालमा आ-आफ्ना धारणा राखेका थिए । खेलग्राम उद्घाटनकै अवसरमा सोमबारबाट वडास्तरीय फुटबल प्रतियोगिता सुरु भएको छ । ७ दिनसम्म संचालन हुने प्रतियोगितामा मकवानपुर, बारा र सर्लाहीका ८ वटा समूह सहभागी छन् । प्रतियोगिताको विजेता समूहले १ लाख ११ हजार १११ र दोस्रो हुने समूहले ५५ हजार ५५५ नगदसहित शिल्ड मेडल प्राप्त गर्ने अध्यक्ष घतानीले जानकारी दिए ।

# जग्गा सम्झौता गरी उद्योग नचलाउने क्रम जारी



साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ लामो समयदेखि बन्द तीन उद्योगमाथि हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले कारबाही प्रक्रिया अघि बढाएको छ ।

बन्द अवस्थामा रहेको नेपाल ब्रुअरी प्रालि, ग्रिन गोल्ड इन्टरनेशनल प्रालि र बानियाँ मल्टी प्रोडक्ट प्रालिमाथि औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले कारबाही प्रक्रिया अघि बढाएको हो । विभिन्न कारणले बन्द रहेका ती उद्योग सञ्चालकलाई पटकपटक पत्राचार गरिएपनि सम्पर्कमा आउन नचाहेकाले कारबाही प्रक्रिया अघि बढाइएको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख संगीता कुँवरले बताइन् ।

'हामीले उद्योगका सञ्चालकलाई निरन्तर फोन र पत्रचार गरी बोलाइरहेका छौं,' प्रमुख कुँवरले भनिन्, 'तर, तीमध्ये नेपाल ब्रुअरीका सञ्चालक सम्पर्कमा आउनुभएको छैन, ग्रीन गोल्ड र बानियाँ मल्टी प्रोडक्टका सञ्चालक केही समय सम्पर्क आएर उद्योग चलाउँछु भनेर जानुभएको थियो । त्यसपछि उहाँहरु पनि सम्पर्कमा आउनुभएन ।'

उद्योगका लागि जग्गा ओगटेर राख्ने तर, उद्योग नचलाउने गरेकाले कारबाही प्रक्रिया अघि बढाएको प्रमुख कुँवरको भनाइ छ । कारबाहीस्वरुप नेपाल ब्रुअरी प्रालिको विद्युत् लाइन काटिएको र अन्य कारबाही प्रक्रिया अघि बढाइएको उनले जानकारी दिए । ग्रिन गोल्ड र बानियाँ मल्टी प्रोडक्ट प्रालिमा जडान गरिएको विद्युत् र खानेपानी लाइन काट्ने तयारी भइरहेको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ । कार्यालयसँग सम्झौता गरेर लामो समयदेखि उद्योग सञ्चालन नगर्ने पाँच उद्योगको सम्झौता खारेज गरिएको छ ।

अमेरिकाको आर्थिक सहयोगमा विसं २०२० सालमा स्थापना भएको हेटौंडा औद्योगिक क्षेत्रभित्र हाल १४४ उद्योग तथा प्रतिष्ठानले जग्गा भाडामा लिएका छन् । कुल ३ हजार २२८ रोपनी क्षेत्रफलमा फैलिएको औद्योगिक क्षेत्रभित्र हाल १२ उद्योग निर्माणाधीन अवस्थामा छन् । कुल क्षेत्रफलमध्ये हाल भाडामा दिएको २ हजार १७८ रोपनी, खाली जमिन २६.५२ रोपनी र युटिलिटी सेवाले ओगटेको सडक सञ्जाल, विद्युतीकरण, ढल निकास लगायत संरचना निर्माण क्षेत्रफल ५९७ रोपनी रहेको छ । औद्योगिक क्षेत्रभित्र कार्यालयबाट निर्मित औद्योगिक भवन १०, गोदाम ११ र अन्य भवन ३४ ओटा रहेका छन् ।

औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले औद्योगिक क्षेत्र हाताभित्रका उद्योग प्रतिष्ठानको आवश्यकता र मागका आधारमा औद्योगिक भवन, गोदाम, क्वाटर भवन र जग्गाको भाडा लिँदै आएको छ । मुलुककै सबैभन्दा ठूलो यस औद्योगिक क्षेत्रमा सुरक्षा चुनौती बढ्दो छ । औद्योगिक क्षेत्रको चारैतिर पर्खाल लगाउन नसक्दा सुरक्षा चुनौती बढेको कार्यालय प्रमुख कुँवरले बताइन् । औद्योगिक क्षेत्रको बीचबाटै सार्वजनिक बाटो भएकाले सुरक्षा चुनौती बढेको उनको भनाइ छ । 'हामीले पर्खाल लगाउन पटकपटक प्रयास गर्‍यौँ तर, स्थानीयले अवरोध गरेका कारण बाटो बन्द गर्न सकिएको छैन' प्रमुख कुँवरले भनिन् ।

# नवनिर्वाचित वडाध्यक्ष तिवारीले लिए सपथ



साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१२ को वडाअध्यक्षमा निर्वाचित नेपाली कांग्रेसका अर्जुन तिवारीले सोमबार पद तथा गोपनीयताको सपथ लिएका छन् ।

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले नवनिर्वाचित वडाध्यक्ष तिवारीलाई सपथ ग्रहण गराएकी छन् । सपथग्रहणपछि वडाअध्यक्ष तिवारीले वडाबासीको हितका लागि सदैव काम गर्ने प्रतिवद्धता व्यक्त गरे । उनले आफूलाई विजयी गराउने वडाबासी मतदातालाई धन्यवाद व्यक्त गर्दै अमूल्य मतदानको कदर गर्दै जनताको सेवामा काम गर्ने बताए ।

सपथग्रहण कार्यक्रममा मुख्य निर्वाचनअधिकृ अवानी मैनाली भट्टराई, नगरउपप्रमुख राजेश बानियाँ, निर्वाचन अधिकृत हरि ढकाललगायत वडाअध्यक्षहरुले बधाई तथा शुभकामना व्यक्त गरेका थिए । सोमबार बिहान सवा ३ बजे सम्पन्न मतगणनाको अन्तिम मतपरिणामअनुसार तिवारीले २०६३ मत प्राप्त गर्दै विजय हासिल गरेका थिए । तेस्रोपटक वडाअध्यक्ष पदमा निर्वाचन लडेका तिवारीले नेकपा माओवादी केन्द्रका रवि प्रधानलाई ५०३ मतान्तरले पराजित गरेका हुन् ।

रविले १५६० मत प्राप्त गरे । चुनावी प्रतिस्पर्धामा तेस्रो भएका नेकपा एमालेका राजेश नगर कोटीले १३९८ मत ल्याएका छन् । तिवारी २०७४ र २०७९ को स्थानीय तह निर्वाचनमा पनि १२ नम्बर वडाको वडाअध्यक्ष पदका उम्मेद्वार थिए । उनी दुवैपटक दोस्रो भएका थिए । दुवैपटक नेकपा माओवादी केन्द्रका ललित घलानले वडाअध्यक्षमा जित हासिल गरेका थिए । गत ३० वैशाख ०७९ को निर्वाचनमा वडाध्यक्ष जितेर पनि जिल्ला समन्वय समिति मकवानपुरको प्रमुख हुन गएपछि रिक्त वडाअध्यक्ष पदमा उपनिर्वाचन भएको हो ।

# हेटौंडा उपमहानगरका वडामा माओवादी 'रित्तो'




साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१२ को उपनिर्वाचनले पटक-पटक चुनाव लडेकालाई राहत र निरन्तर जित्दै आइरहेको दललाई रित्तो पारि दिएको छ ।

हेटौंडा-१२ मा नेपाली कांग्रेसले जित निकालेसँगै नेकपा माओवादी केन्द्र उपमहानगरको १९ वटा वडामा रित्तो बनेको हो । कांग्रेसका अर्जुन तिवारीले २०६३ मत ल्याएर जित निकाले । लगातार २ पटक माओवादीले जितेको १२ नम्बर वडा कांग्रेसका तिवारीले खोसे । गत २०७९ को स्थानीय तह निर्वाचनमा एउटै १२ नम्बर वडा जितेको माओवादी २ वर्ष पछिको उपनिर्वाचनबाट कुनै पनि वडामा प्रतिनिधिविहीन बन्न पुगेको हो ।

यसअघि माओवादीका ललितबहादुर घलानले जितेका थिए । उनले २०७४ मा पनि जितेका हुन् । घलान जिल्ला समन्वय समितिको प्रमुख बन्न गएपछि रिक्त पदमा आइतबार उपनिर्वाचन भएको थियो । उपनिर्वाचनमा माओवादीबाट उम्मेदवार बनेका रविकुमार प्रधान पराजित भएका छन् । माओवादीका उम्मेद्वार प्रधानले १५६० मत ल्याए । नेकपा एमालेका राजेश नगरकोटी १३९८ मत ल्याएर तेस्रो हुन पुगे ।

बागमती प्रदेशको राजधानीसमेत रहेको एकमात्र उपमहानगरमा गत २०७९ को निर्वाचनमा मेयर र उपमेयर पदमा नेपाली कांग्रेस, नेकपा माओवादी र नेकपा (एकीकृत समाजवादी) को गठबन्धन थियो । वडाअध्यक्षमा पनि सबै दल प्रतिस्पर्धी थिए । मेयरमा नेकपा एसकी मीनाकुमारी लामा र उपमेयरमा कांग्रेसका राजेश बानियाँले जिते । मेयरमा एमालेका अनन्त पौडेल र राप्रपाका दीपक सिंह प्रतिस्पर्धामा थिए ।

कांग्रेसले उपनिर्वाचनमा जित निकालेर एमालेसँग बराबर ९ वडा जित्न सफल भएको छ । नेकपा एसले १ वटा वडा जितेको थियो । हेटौंडामा प्रत्यक्ष निर्वाचनबाट हालसम्म गैरकम्युनिष्टले नेतृत्व जित्न सकेका छैनन् । गत स्थानीय तह निर्वाचनबाट हेटौंडाको १९ वटा वडामा एमालेले ९ वटा वडा र कार्यपालिकामा ५६ सदस्यसहित बहुमत जोगाउन सक्यो ।

अब हेटौंडामा कांग्रेससँग १, २, ३, ६, ७, ८, १२, १६ र १७ नम्बरमा वडाअध्यक्ष छन् । एमालेसँग ४, ५, १०, ११, १३, १४, १५, १८ र १९ नम्बर वडामा अध्यक्ष छन् । गत निर्वाचनमा मकवानपुरका १० वटा स्थानीय तहमध्ये कांग्रेसको ५ वटा गाउँपालिकामा, एमालेको २ वटा गाउँपालिका, माओवादीको एउटा नगरपालिका र अर्को गाउँपालिका तथा नेकपा एसको उपमहानगरमा नेतृत्व छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# पाठ्यक्रममा अलमल

विद्यालयस्तरमा पढाई हुने पाठ्यक्रम स्थानीय ज्ञान, सीप, भाषा, संस्कृति, समाजका असल कुरामा सिंगो समाज बुझ्ने खालको हुनुपर्छ । देशभर पढाईने एउटै पाठ्यक्रम हुँदा शिक्षा सिकाइ पाठ्यक्रम केन्द्रित मात्रै हुन पुग्यो । पाठ्यक्रममा जेजे लिखित छ, त्यो मात्रै सिक्नुपर्छ भन्ने कुरा विद्यार्थीको मानसपटलमा विकास भएको छ । पाठ्यपुस्तकमा भएका कुरा मात्रै पाढाए पुग्छ भन्ने मान्यता शिक्षकमा छ । त्यसकारण विद्यार्थीले धेरै कुरा समाजसँग, जीवन र जगतसँग जोड्नै सकेनन् । समाजको बदलिँदो स्वरुपअनुरुप देशको शिक्षाको प्रारुप बदलिँदै जानुपर्ने थियो । तर, हाम्रो देशको शिक्षानीति, पाठ्यक्रम तथा समग्र शिक्षाको प्रारुप अझै पनि पुरानै खालको छ । समाज बदलियो, राज्य संरचना बदलियो, प्रविधिको युग सुरु भयो तर, शिक्षाको प्रारुप परिवर्तन हुन सकेन । संसारमा प्रबिधिले यति धेरै फड्को मारिसकेको छ तर, हाम्रो विद्यालयमा मोवाइल बोकेर गएका विद्यार्थीले सजाय पाइरहेका छन् । सरकारी कार्यालयमा १० देखि ४ बजेसम्म सामाजिक सञ्जालको प्रयोग गर्न प्रतिबन्ध लगाउने बहस भइरहेको अवस्थामा सूचनाप्रबिधिमैत्री बनाउने कि ईन्टरनेट कनेक्टिभिटीमै प्रतिबन्ध लगाउने ? भन्ने प्रश्न जटिल बनेको छ ।

अहिले विश्वव्यापीकरणले गर्दा ससाना बालबालिका पनि विश्वमा के भैरहेको छ ? भन्ने कुरा हातहातमा भएका कम्प्युटर, ल्यापटप, मोवाइलबाट घरमै बसेर थाहा पाउन सक्छन् । तर, हाम्रो शिक्षानीति र अभ्यास भने त्यसअनुरुप अघि बढ्न सकेको छैन । हामीसँग पुरानै किसिमको पाठ्यक्रम, केन्द्रिकृत पाठ्यक्रम र पाठ्यपुस्तक छन् । अहिलेको पुस्ता पुरै स्क्रिनमैत्री बन्दै गएको छ । तर, हामी तीनै बालबालिकालाई प्रबिधिमैत्री बन्नबाट प्रतिबन्ध लगाइरहेका छौं । कतै हामीले ती बालबालिकामाथि अन्याय पो गरिरहेका छैनौं ? यो प्रश्नमा बहस गर्नु जरुरी छ । समयको मागअनुसार हामी चल्नै सकेनौं कि ? अहिले केही पालिकाले स्थानीय पाठ्यक्रम निर्माण गर्न थालेका छन् । तर, त्यो पनि प्रबिधिमैत्री छँदैछैन । हाम्रो विद्यालय तहको पाठ्यक्रम ठीक छैन । एउटा पाठ्यक्रमले देशैभरको विद्यार्थीको आवश्यकतालाई सम्बोधन गर्छ भन्ने सोच बिलकुल गलत छ । विद्यालयमा बालबालिकाले केही सिकेको, ज्ञान लिएको जस्तो त देखिन्छ । तर, प्रयोगको सन्दर्भमा भने उदासिन छ । विद्यालय शिक्षाको उद्देश्य भनेको बालबालिकाले आफ्नो वरिपरिका वातावरण बुझ्न सक्ने, समाज बुझ्न सक्ने खालको हुनुपर्छ । हाम्रो शिक्षाले त्यसको केही अंशमा मात्रै काम गरेको छ, जुन पर्याप्त छैन । हाम्रा विद्यालयमा पढ्ने बालबालिकाले वरिपरिको समाज बुझ्न सकेनन् । यो भनेको आफूले पाएको शिक्षाले समाज बुझ्न, समाजलाई विश्लेषण गर्न र समाज रुपान्तरण गर्ने अभियानमा लगाउन नसक्नु हो । राज्यले विद्यालयशिक्षाको उद्देश्य के हो भन्ने कुरा अझै पनि सुनिश्चित गर्न सकेको छैन । यस्तो अवस्थामा हाम्रो शिक्षा कसरी गुणस्तरीय वा प्रभावकारी हुन सक्ला ? हाम्रो शिक्षाको स्तर उकास्न वा विश्वबजारमा प्रतिस्पर्धामा उत्रनसक्ने बनाउन सरकार, शिक्षा मन्त्रालय, पालिका, विश्वविद्यालय सबै संयुक्त योजनाका साथ अघि बढ्नुपर्छ ।

शिक्षाशास्त्र संकाय अध्ययन गरेका विद्यार्थीलाई शिक्षक अध्यापन अनुमतिपत्र लिनु पर्ने नीति नै अब्यबहारिक छ । शिक्षाशास्त्रको उद्देश्य भनेको राम्रा शिक्षक उत्पादन गर्ने हो । तर, यो संकाय कर्मकाण्डी मात्रै बनेको छ । शिक्षकले राम्रो काम गरेको छैन भन्न मिल्दैन । राजनीतिक प्रभावका कारण मेहनत गर्ने शिक्षक पनि हतोत्साहित भएका घटना हाम्रासामु प्रशस्तै छन् । दिनरात खटेर काम गर्ने शिक्षक र राजनीतिक दलको झोला बोक्ने शिक्षकबीच सरकारले फरक दृष्ट्रिकोणले हेर्न सकेको छैन । बरु बढुवा वा सेवासुबिधामा तीनै पार्टीका कार्यकर्ता बनेका शिक्षकले अवसर पाएका छन् । कामगर्ने शिक्षकलाई प्रोत्साहन र नगर्नेलाई दण्डको व्यवस्था नहुँदा शिक्षामा सुधार हुन सकिरहेको छैन । धेरै शिक्षकमा यो पेसा मर्यादित हो, काम गरेर देखाउनु पर्छ भन्ने मनसाय छ । यसरी काम गर्नेलाई प्रोत्साहन नगरिँदा उनीहरु पनि पार्टीका कार्यकर्ता जस्तै हुन बाध्य छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर १९ गते बुधबार ४ डिसेम्बर २०२४ । तृतीया, मार्ग शुक्लपक्ष । थिलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:४१, सूर्यास्त ५:०६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कार्यमा ढिलाइ | **तुला** | : आफन्तबाट सहयोग |
| **वृष** | : ऋण र शत्रु वृद्धि | **वृश्चिक** | : शत्रुबाट बाधा सृजना |
| **मिथुन** | : शैक्षिक कार्यमा सफलता | **धनु** | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| **कर्कट** | : परिवारमा विवाद | **मकर** | : रोकिएका काम बन्नेछ |
| **सिंह** | : खिन्नता रहने | **कुम्भ** | : व्यापारमा विशेष फाइदा हुनेछ |
| **कन्या** | : शैक्षिक कार्यमा सफलता | **मीन** | : शत्रु सजिलै हराउन सकिनेछ |

# मुलुकको वर्तमान अवस्थामा राजसंस्थाको खाँचो



✍ चन्द्र काफ्ले

मुलुक यति बेला गम्भीर अवस्थामा छ । मुलुकको आर्थिक, सामाजिक, राजनीतिक क्षेत्र डामाडोल छ । विदेशीहरुको राजनीतिक हस्तक्षेप व्यापकरुपमा बढेर गएको छ । आर्थिक समृद्धिको नारा लगाउने सरकारले जनताको आर्थिक अवस्था सुधार्न कुनै काम गरेको देखिँदैन । युवाहरु दिनानुदिन विदेश पलायन भइरहेका छन् ।

यस्तो अवस्थामा जनता सरकारप्रति आक्रोश व्यक्त गरिरहेका छन् । रोजिरोटीको अभाव भएका निमुखा जनता कराइरहेका छन् । दुर्गम पहाडी क्षेत्रहरुमा खाद्यान्नको अभाव, स्वास्थ्यसम्बन्धी उपचारको अभावको कारणले गरिब, निमुखा जनता पीडित भइरहेका छन् । जनतामा अहिले राजनीतिक व्यवस्थाप्रति भरोसा टुट्दै गएको अवस्था छ । विद्रोही भावना पैदा भइरहेको देखिन्छ । सरकारमा बस्ने पार्टीका शीर्षस्थ नेताहरु नै ठुल्ठूला भ्रष्टाचारका काण्डमा मुछिएका छन् । सत्तासीन पार्टीका नेताहरु सरकार निकट व्यक्तिहरुले जतिसुकै कसुर गरे पनि, भ्रष्टाचारमा चुर्लुम्म ढुबे पनि अनुसन्धानको दायरामा नल्याई निजलाई ढाकछोप गर्न बचाउन सरकार लागेको छ ।

सर्वसाधारणका पीडा, समस्याहरुलाई सार्वजनिकरुपमा उठाउने र तिनको समाधान हुनुपर्छ भन्ने आवाज उठाउने अभियन्ताहरु नागरिक समाजका व्यक्तिहरु, प्रतिपक्षका नेताहरुलाई सरकारको निर्देशनमा पूर्वाग्रही बनेर धरकपड गर्ने, प्रकाउ गर्ने, थुनामा राख्ने अभियान नै सरकारले चलाइरहेको छ । कानुनी राज्यमा कसैले सार्वजनिक पदमा बसेर गैरकार्य गर्छ, राष्ट्रघाती कार्य गर्छ, भ्रष्टाचार गर्छ भने तिनको विरुद्ध कुनै पनि नेपाली नागरिकले आवाज उठाउन सक्छ । कारबाहीको माग गर्न सक्छ, प्रश्न उठाउन सक्छ । त्यस्तो प्रश्न उठेको अवस्थामा कानुनबमोजिम अनुसन्धान हुनुपर्नेमा उल्टो यस्तो आवाज उठाउनेहरुको आवाज बन्द गर्न व्यापक धरकपड गर्ने र पक्राउ गरी नागरिकको वैयक्तिक स्वतन्त्रता हनन गर्ने कार्य सरकारी तवरबाट भइरहेको देखिन्छ । यस्तो विकराल अवस्थामा कुनै पनि बेला सरकार र वर्तमान राजनीतिक व्यवस्थाको विरुद्धमा मुलुकभित्र विद्रोह हुने प्रबल सम्भावना छ ।

हाम्रो देशमा भ्रष्टाचार र राजनीतिक नेताहरु पर्यायवाची बेनका छन् । राज्यका प्रत्येक सार्वजनिक पदमा बस्नेहरु कुनै न कुनै पदमा भ्रष्टाचारमा संलग्न रहेको कुरा प्रेस जगतले बारम्बार छापेका समाचारले पुष्टि गर्छ । देशभित्र भ्रष्टाचार दुई किसिमको देखिन्छ । एउटा नीतिगत भ्रष्टाचार र अर्को आफूलाई फाइदा हुने गरी घुस रिसवत लिने र राष्ट्र र समाजलाई नोक्सान हुने काम गर्ने । राजनीतिक नेता एवं सरकारमा बस्ने व्यक्तिहरु आफूलाई फाइदा लिने उद्देश्यले ऐन, कानुन, नियमहरुको निर्माण गर्ने र त्यसको आडमा राष्ट्र र समाजलाई आर्थिकरुपमा कमजोर बनाउन त्यस्ता ऐन, कानुन, निर्णयका आडमा काम कारबाही र गतिविधि गरिरहेका छन् । भुटानी शरणार्थी प्रकरण, ललितानिवास प्रकरण यसका उदाहरण छन् ।

हाम्रो देशमा सार्वजनिक पदमा बस्ने व्यक्तिले भ्रष्टाचार गरेमा तिनलाई अनुसन्धान गर्ने र मुद्दा चलाउने अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठन हुने संवैधानिक अवस्था छ । यही व्यवस्थाअनुसार अख्तियारको गठन भएको हो । उक्त आयोगमा स्वच्छ छवि भएका ऐन, कानुन, संविधानको ज्ञान भएका, भ्रष्टाचारको निर्मूल गर्न प्रतिबद्ध भएका सक्षम व्यक्तिहरु पुग्नुपर्ने प्रचलित कानुनले व्यवस्था गरेको देखिन्छ । तर उक्त आयोगमा सत्ता पक्षका निकटतम व्यक्ति आफूले पहिले काम अराएका, खटाएका कर्मचारीहरु र आफू सत्तामा हुँदाखेरि भ्रष्टाचारलाई अन्देखा गरेर कारबाही नचलाउन गोप्य सम्झौता गरी पठाइएका व्यक्तिहरु पुग्ने गरेको पाइन्छ । यस्तो भएको हुनाले यस्ता व्यक्तिहरुबाट भ्रष्टाचारमा कारबाही हुने अपेक्षा गर्न सकिन्न । केही सक्षम व्यक्तिहरु अख्तियारमा पुगे पनि एक्लो बृहस्पति झुटो भएका छन् । भ्रष्टाचार नियन्त्रणको कारबाहीमा अख्तियारले जुन सक्रियता देखाउनुपर्ने हो, त्यो देखाउन सकेको छैन । अर्को कुरा, अख्तियारमा केही गरौं भन्ने मान्छे पुगे पनि तिनलाई सरकारको तर्फबाट कुनै सहयोग प्राप्त नभएकोले उनीहरुले सक्रिय रुपमा काम गर्ने परिस्थिति छैन । यो कारणले गर्दा देशमा भ्रष्टाचार झाङ्गिँदै गएको छ । दण्डहीनताले प्रश्रय पाउँदै गएको छ, जसको कारण देशमा भ्रष्टाचार नियन्त्रण होइन मौलाउँदै गएको छ ।

देशभित्र महँगी व्यापकरुपमा बढेको छ । जुन रुपमा देशभित्र उत्पादन हुनुपर्ने हो, उत्पादन गर्ने जनशक्तिको अभाव र सरकारी बेवास्ताको कारणबाट कृषिक्षेत्रले जुन रुपमा उत्पादन गर्नुपर्ने हो, त्यो गर्न सकेको छैन । त्यसको परिणामस्वरुप दैनिक उपभोग्य वस्तुलगायत जनतालाई आवश्यक पर्ने वस्तुहरु विदेशबाट आयात गरेर ल्याउनुपर्ने अवस्था छ । नेपाली मुद्राको दाँजोमा विदेशी मुद्रा महँगो हुने भएको र त्यस्तो महँगो मुद्रा खर्च गरेर सामानहरु आयात गर्नुपर्दा देशमा चिज, वस्तु महँगो हुनै नै भयो । यस्तो अवस्थामा विदेशबाट ल्याएको महँगो वस्तु खरिद गर्ने क्रयशक्ति जनतामा अभाव छ । नेपालको अर्थतन्त्रको मेरुदण्ड भनेको कृषि नै हो । आज नेपालको कृषिक्षेत्रले नेपालीहरुलाई पुग्ने खाद्यान्नसमेत उत्पादन गर्न सकेको छैन । त्यही कृषिक्षेत्रले रोजगारीको अवसर पनि उपलब्ध गराउनेमा कृषिक्षेत्रलाई सरकारले प्राथमिकता नदिएको कारण र जनशक्तिको अभावमा हाम्रा खेतबारी बाँझा हुँदै गएका छन् । किसानले बाली लगाउन सकेका छैनन्, जसबाट कृषि उत्पादनमा व्यापक कमी हुँदै गएको छ । उत्पादनमा कमी हुनु र माग बढी हुँदा बजारभाउ स्वतन्त्र बढ्ने नै भयो । यसको मार कम आय भएका व्यक्तिहरुमाथि परेको छ ।

यसै मेसोमा राज्य व्यवस्था सञ्चालन गर्ने जिम्मा लिएका प्रमुख राजनीतिक दलको गतिविधि सही ढंगले चलेको देखिँदैन । प्रजातान्त्रिक व्यवस्थामा राजनीतिक परिचालन गर्ने, जनतालाई सुसूचित गर्ने माध्यम भनेको राजनीतिक दलहरु नै हुन् । तर यी राजनीतिक दलहरु प्रजातान्त्रिक आदर्श र सिद्धान्तका प्रतिकूल उल्टो बाटो हिँडिरहेको देखिन्छ । संसदीय प्रजातान्त्रिक व्यवस्था सत्ता सरकारको, संसद् प्रतिपक्षको भन्ने मान्यता राखिन्छ । नेपालमा सरकार को र प्रतिपक्ष को हो भन्ने कुरा छुट्याउन गाह्रो छ । सबैभन्दा बढी सिट ल्याउने पार्टीले सरकार चलाउने र त्यसपछि दोस्रो बढी सिट ल्याउने पार्टी प्रतिपक्षमा बस्ने र निरन्तररुपमा सरकारको खबरदारी गर्ने कार्य गर्नुपर्नेमा दुवै बढी सिट ल्याउने दलहरु मिलेर सरकार चलाइरहेको अवस्था छ ।

यसबाट प्रतिपक्षको भूमिका कमजोर हुँदै गएको देखिन्छ । जुन संसदीय मूल्य र मान्यता विपरीतका कुरा हो । यस्तो अवस्थाबाट सरकार जनउत्तरदायी हुनुको सट्टा निरंकुश हुँदै जाने खतरा बढ्दै गएको छ । यसबाट नेपालको प्रजातन्त्र कमजोर हुँदै जाने पक्का छ । अर्को कुरा, चुनावमा आफ्नो घोषणापत्रलाई जनताबाट अनुमोदन गराएर सत्तामा गएका दलहरुले सरकार सञ्चालन गर्दा जनतालाई जुन सेवा-सुविधा दिनुपर्ने हो, त्यो दिन सकिरहेका छैनन् । प्रमुख पार्टीहरु नै सरकार बनाउने र गिराउने खेलमा समय व्यतीत गरिरहेका देखिन्छन् । यसो हुँदा सार्वभौम सम्पन्न जनताले आमचुनावमा दिएको मतको दुरुपयोग भइरहेको छ । यस मानेमा सरकारले प्रजातान्त्रिक उत्तरदायित्व पूरा नगरेको स्पष्ट हुन्छ ।

नेपालमा राजसंस्था पुनर्स्थापित गर्न कुनै व्यक्ति वा कुनै पार्टीको रहरले हुने होइन । राजसंस्था पुनर्स्थापित हुन केही निश्चित मूल्य र मान्यताहरुको बारेमा विचार गनुपर्ने हुन्छ । नेपालको भूराजनीतिक अवस्था, सामाजिक, सांस्कृतिक मूल्य र मान्यताहरु नेपालका स्वतन्त्रताहरु हुन् । यी कुराहरुमा हामीले व्यापकरुपमा चिन्तन, मनन र बहस गर्नु जरुरी छ । नेपाल हामी सबै नेपालीको साझा घर हो । यसले नै हामीलाई बास दिन्छ, गाँस दिन्छ अनि कपास र सुरक्षा दिन्छ । र, यस्तो घरको सुरक्षा गर्नु हामी सबैको अहं दायित्व हो । तसर्थ यो साझा घरको सुरक्षाको लागि हामीले के-कस्तो व्यवस्थाको अथवा संस्थाको स्थापना गर्नुपर्दछ, यो गम्भीर रुपमा सोच्ने बेला आएको छ । मेरो विचारमा नेपाललाई दीर्घकालसम्म सुरक्षित राख्न, शान्ति र सुरक्षा कायम राख्न, मुलुकको अस्तित्व जोगाउन र हाम्रा सामाजिक, सांस्कृतिक मान्यताहरुको जगेर्ना गर्नु अति आवश्यक छ ।

यसको लागि एउटा भरपर्दो, स्थायी र राष्ट्र अनि जनता सर्वोपरि हो भन्ने मान्यता बोकेको संस्थाको आवश्यकता बढ्दै गएको मुलुकको परिस्थितिले देखाइरहेको छ । यो भूमिमा नेपाल अधिराज्यको निर्माण, एकीकरण, विविध भाषा, संस्कृति र धर्ममा समन्वयकारी भूमिका निर्वाह गर्दै आएको र विगत केही वर्षअघि पाखा लागाइएको नेपाली राजसंस्थाको आवश्यकता नेपाली जनताले अहिले पनि महसुस गर्दै आएका हुन् । यदाकदा राजसंस्थाको ठाउँमा जनताको छोरो राष्ट्रपति हुन पाएको छ भन्ने विचार व्यक्त गरेको पनि सुनिन्छ तर हामीले यतिका वर्ष अभ्यास गरिआएको राष्ट्रपतीय प्रणालीले नेपालका आवश्यकतालाई परिपूर्ति गर्न सक्ने पाइएन । राष्ट्रपतिले पार्टीकै नीति, विचार बोकेर काम गरेको तीतो अनुभव हामीसँग छ । त्यसैले पार्टीगत विचारबाट माथि उठेको सम्पूर्ण नेपालीलाई समानरुपमा व्यवहार गर्ने एउटा राष्ट्रिय संस्था नेपाली राजसंस्था हुन सक्छ भन्ने मेरो मान्यता हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# बालबालिकामा जलवायु परिवर्तनको असर

✍ डा. पुष्पराज पन्त

अजरबैजानको बाकुमा सम्पन्न जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (यूएनएफसीसीसी) का पक्ष राष्ट्रहरूको २९औं सम्मेलन (कोप-२९) को निष्कर्षलाई प्रसिद्ध सञ्चारमाध्यम 'द गार्डियन'ले 'न्यायको भद्दा मजाक' (ट्राभेस्टी अफ् जस्टिस)को संज्ञा दिएको छ । किनभने निर्धारित समयभन्दा एक दिन ढिलो गरी सम्पन्न सो सम्मेलन नाटकीय रुपमा अन्त्य भएको थियो । जलवायु संकटका प्रभावसँग जुध्नका लागि धनी देशहरूले विकासशील राष्ट्रहरूलाई प्रति वर्ष एक खर्ब डलर प्रदान गर्नुपर्ने आग्रह गरिएकामा अन्तिम क्षणमा धनी राष्ट्रहरूले प्रतिवर्ष जम्मा ३०० अर्ब डलरको प्रतिबद्धता जनाए । कार्बन उत्सर्जनलाई जलवायु परिवर्तनको कारक मानिन्छ । उच्च औद्योगिकीकरण भएका प्रमुख राष्ट्रहरूले यस सम्मेलनलाई उपेक्षित बनाएको खबर पनि सार्वजनिक भएका थिए ।

विश्वभर बढिरहेको जलवायुजन्य संकटले संसारको हरेक व्यक्ति कुनै न कुनै प्रकारले प्रभावित भइरहेको हुन्छ । जलवायुजन्य समस्या समाधान गर्न सबै एकजुट हुनुपर्नेछ । विभाजित भएर जलवायुजन्य समस्या समाधान गर्न सहज छैन । यस विषयलाई लिएर शक्ति राष्ट्रहरू, विकासशील राष्ट्रहरू, समुद्र तटीय राष्ट्रहरू एवं हिमालय क्षेत्रका राष्ट्रहरूका आ-आफ्नै तर्क र समस्या छन् । जसको न्यायसंगत समाधान खोज्नु आजको चुनौती छँदै छ । विश्वभरि नै जलवायु परिवर्तनको सबैभन्दा बढी चपेटामा बालबालिका छन् ।

**बाल स्वास्थ्यमा असर**

बालबालिकाले आफ्नो अस्तित्वको पहिलो सास लिन सुरु गर्नु अघिदेखि नै उनीहरूलाई वातावरणले असर पुऱ्याइसकेको हुन्छ । बालबालिकाको विकासशील मस्तिष्क, फोक्सो र प्रतिरक्षा प्रणालीको बनावट निकै संवेदनशील छन्, जसलाई वातावरणीय प्रदूषणले असर गर्छन् । यस समस्याको आकार र दायरा चिन्ताजनक विषय बनेको छ । हाल जलवायु र वातावरणीय संकटहरूको उच्च जोखिम सामना गरिरहेका देशहरूमा बसोबास गर्ने बालबालिकाको संख्या लगभग एक अर्ब छ, जुन संसारका बालबालिकाको लगभग आधा अंश हो । वायु प्रदूषण पाँच वर्षमुनिका बालबालिकाको मृत्युका लागि दोस्रो प्रमुख जोखिमको कारकका रूपमा रहेको छ ।

विश्वव्यापी तापमान वृद्धिले समुद्रको सतहमा वृद्धि भइरहेको छ । जुन टापु राष्ट्रहरूका लागि खतराजन्य हो । यस्तै, गर्मीको लहर, वन डढेलो, खडेरी, उष्णीय आँधी र जैविक विविधताको ह्रासजस्ता समस्याले थप खतरा सिर्जना गर्दै छन् । यी सबैका कारण संसारमा थोरै मात्र बालबालिकाले बढ्दो जलवायु र वातावरणीय जोखिमबाट मुक्त जीवन बाँच्न पाएका छन् । पर्यावरणीय ह्रास र प्रणालीगत परिवर्तनहरूले पनि मानिस र वातावरणबिच नयाँ अन्तर्क्रिया सिर्जना गर्दै छन् । यस परिवर्तनको असर मानिसको स्वास्थ्य, प्रतिरक्षा प्रणाली र कृषि उत्पादनमा परिरहेको छ ।

बालबालिकालाई जलवायु र पारिस्थितिकीय संकटहरूबाट जोगाउन असफल हुनु भनेको उनीहरूका लागि संयुक्त राष्ट्र संघको बाल अधिकार समितिले 'सामान्य टिप्पणी २६' मा स्पष्ट रूपमा जनाएका अधिकारको उल्लैन हो । समितिले जलवायु र वातावरणीय खतराहरूलाई 'बालबालिकाको अधिकारका लागि तात्कालिक र प्रणालीगत खतरा'का रूपमा पहिचान गरेको छ । सफा, स्वस्थ र दिगो वातावरणमा बसोबास गर्न पाउने बालबालिकाको अधिकार हो । जलवायु परिवर्तन र वातावरणीय संकटहरू, जैविक विविधताको ह्रास र व्यापक प्रदूषणको संयुक्त प्रभावले बालबालिकाको जीवनमा गहिरो प्रभाव पार्छ । जलवायुजन्य प्रभावका कारण स्वास्थ्य र शिक्षामा परेको प्रभाव, विस्थापित हुनुपरेको अवस्थालाई त आँखाले देख्न सकिन्छ । कतिपय मनोवैज्ञानिक, सामाजिक तथा सांस्कृतिक प्रभावलाई आँखाले देख्न सकिँदैन ।

जलवायु परिवर्तनले बालबालिकालाई रोगको थप जोखिममा पुऱ्याउँछ । उदाहरणका लागि–बढ्दो औसत तापक्रमले लामखुट्टेको संख्यामा वृद्धि गराएको छ र लामखुट्टेले सार्ने रोग (डेंगु, जिका, वेस्ट नाइल भाइरस आदि)को जोखिम बढाएको छ । पहिले यी रोगको प्रभाव नपरेका स्थानका बालबालिका समेत अहिले यिनको चपेटामा छन् । जस कारण उनीहरूको स्वास्थ्यदेखि शिक्षा, मानसिक अवस्थामा पनि असर गरिरहेको छ ।

प्रख्यात जर्नल 'नेचर कम्युनिकेसन्स'मा यसै वर्ष प्रकाशित एक अध्ययन अनुसार यस शताब्दीको पहिलो दुई दशकमा प्रति एक लाख नवजात शिशुमध्ये ३० जनाको मृत्यु जलवायु परिवर्तनका कारण भएको देखिएको छ । विश्वका ३० देशमा गरिएको यस अध्ययनमा नेपालको तथ्यांक पनि उल्लेख गरिएको छ, जस अनुसार नेपालमा प्रति एक लाख नवजात शिशुको मृत्यु हुँदा १० जनाको मृत्युको कारण जलवायु परिवर्तन देखिएको छ ।

प्रदूषित पानीको प्रयोग पाँच वर्ष मुनिका बालबालिकाको मृत्युको मुख्य कारण हो । जलवायु परिवर्तनका कारण स्वच्छ पानीमा बालबालिकाको पहुँच कम हुँदै गएको छ । बाढीको पानीले पूर्वाधारलाई नष्ट गर्न सक्छ, जसले पानी आपूर्ति प्रणालीमा प्रदूषण ल्याउँछ र पानीजन्य रोगहरूको प्रकोपमा वृद्धि गर्दछ । चरम प्रतिकूल मौसमले बालबालिकाको विविध अवस्था लगायत स्वस्थ आहारको पहुँचमा सिधा असर पुऱ्याउँछ ।

आहारको विविधता र खाद्य अभावका कारण बालबालिका र गर्भवती महिलामा कुपोषणसम्बन्धी रोगको उच्च जोखिम रहन सक्छ । यसले बाल विकासमा नकारात्मक परिणाम ल्याउँछ । जलवायु संकट बढ्दै गएका कारण खाद्य सुरक्षा संकट अझ बढ्ने भविष्यवाणी गरिएको छ । वायु प्रदूषण बालबालिकाका लागि विशेष रूपले हानिकारक छ र यसको प्रभाव जीवनभर कायम रहन सक्छ । वायु प्रदूषणका कारण फोक्सोसँग सम्बन्धित रोग लाग्ने, क्यान्सरको जोखिम बढ्ने र स्नायु वा न्युरोलोजिकल विकारहरू तथा बाल्यकालको मोटोपन बढ्ने अनुसन्धानले देखाएका छन् ।

स्वास्थ्य समस्यालाई कतिपय अवस्थामा संक्रामक सूक्ष्मजीवको संक्रमण र तिनको असरहरूमा सीमित भएर बुझ्ने गरिन्छ, जुन गलत हो । जलवायु परिवर्तनका असरले हुने असामान्य घटनाहरूबाट बालबालिका लगायतलाई शरीरमा चोटपटक लाग्न सक्छ । जलवायु परिवर्तनका कारण हुने बाढी-पहिरो, आँधी-तुफान, डढेलो आदिको चपेटामा पर्ने बालबालिकाको मृत्यु हुनुका साथै शरीरमा चोटपटक पनि लाग्न सक्छ ।

**मानसिक असर**

चरम प्रतिकूल मौसमी घटनाहरूले मानसिक स्वास्थ्यमा पनि उथलपुथल गर्न सक्छ । बाल्यकालमा चरम प्रतिकूल मौसमी घटनाहरूको सामना गर्नु उनीहरूका लागि अत्यधिक पीडाजनक हुन सक्छ । बालबालिकाहरू प्राय: यी परिस्थितिहरूमा कुनै निर्णय गर्ने अधिकार नभएको अनुभव गर्छन्, जसले सम्भावित मानसिक पीडालाई थप बिगार्ने र अझ तीव्र बनाउने गर्छ । यस्तो बेला अभिभावक, शिक्षक वा हेरचाह गर्ने व्यक्तिहरूले बालबालिकाको तर्फबाट निर्णय गर्छन् । त्यसैले जलवायु प्रभाव सामना गर्दा उनीहरूमा असहायपनको भावना बढाउँछ । अत्यधिक गर्मी, आँधी-तुफान, बाढी र भूकम्पलाई विशेष गरी मानसिक स्वास्थ्यका विभिन्न समस्यासँग जोडिएको छ, जसमा पोस्ट-ट्रमेटिक स्ट्रेस डिसर्डर वा मानसिक अवसाद पनि समावेश छन् ।

**शिक्षामा पार्ने प्रभाव**

जलवायु आघातहरूले बालबालिकाको उपस्थितिलाई प्रभावित गर्दै सिकाइमा बाधा पुऱ्याउँछन् । अधिकांश अवस्थामा जलवायु संकटहरूले रोग फैलाउँछ वा बालबालिकाको दैनिक जीवनमा बाध्यकारी परिवर्तन ल्याउँछ । संसारभरका ४० करोडभन्दा बढी विद्यार्थीले सन् २०२२ देखि चरम प्रतिकूल मौसमका कारण विद्यालय बन्द हुनुपर्ने स्थितिको सामना गरेका छन् । भारत, पाकिस्तान र दक्षिण सुडानमा अत्यधिक गर्मीबाट विद्यालय बन्द हुनुपरेको अवस्था छ । संयुक्त राज्य अमेरिकामा वन डढेलो, मलावीमा आँधीचक्र र फिलिपिन्समा बाढीजस्ता जलवायु संकटले बालबालिकाको शिक्षालाई असर गरिरहेको छ ।

नेपालमा पनि यसै वर्ष (२०८१)को जेठ र असारमा अत्यधिक गर्मीका कारण विद्यालय बन्द गर्नुपरेको थियो भने यसै वर्ष असोजमा भएको अत्यधिक वर्षाले विद्यालयहरूमा पुऱ्याएको क्षतिका कारण अझै पनि धेरै स्थानमा पठनपाठन सहज बनाउन सकिएको छैन । जलवायु संकटका कारण बालबालिकाहरू आफ्ना घर र वासस्थानबाट पलायन वा विस्थापन समेत भइरहेका छन् ।

विश्व बैंकले पनि हालै जलवायु परिवर्तनका कारण हुने शैक्षिक प्रभावलाई 'आर्थिक टाइम बम'का रूपमा वर्णन गरेको छ । यस बमलाई बेअसर पार्नका लागि एक प्रमुख उपाय हो, शिक्षा । विशेष गरी जलवायु शिक्षामाथि जोड दिनु हो । बालबालिकालार्य जलवायु परिवर्तनबारे बुझाइनुपर्छ । विडम्बना के छ भने, संसारभरिका बालबालिका र युवाले जलवायु परिवर्तनका बारेमा आफूहरूको ज्ञान अपर्याप्त भएको महसुस गर्छन् र यसको प्रभावको सामना गर्नका लागि आफूलाई तयार रहेको महसुस गर्दैनन् । युनिसेफ-ग्यालअपको सर्वेक्षणका अनुसार, औसतमा १५-२४ वर्षका ८५ प्रतिशत युवाले जलवायु परिवर्तनका बारेमा सुनेका छन् तर तीमध्ये केवल ५० प्रतिशतमा मात्रै यस अवधारणाको सही परिभाषाको ज्ञान रहेको पाइएको थियो ।


निम्नमध्यम र न्यून आय भएका देश, जहाँ जलवायु परिवर्तनको सबैभन्दा बढी जोखिम छ, त्यहाँका युवामा जलवायु परिवर्तनको ज्ञान सबैभन्दा कम पाइन्छ । जलवायु संकटबारे बुझ्ने बालबालिकाको अधिकारको रक्षा गर्न र यसको समाधानमा उनीहरूलाई पनि सहभागी गराउन रणनीतिक लगानी आवश्यक छ । निम्नमध्यम र न्यून आय भएका देशहरूका विद्यालयहरूको राष्ट्रिय पाठ्यक्रममा थप संरचनाको व्यवस्था गरेर जलवायु परिवर्तनलाई सम्बोधन गर्न सकिन्छ । नेपालमा स्थानीय तहहरूमार्फत स्थानीय स्तरमा उपयोगी हुने गरी जलवायु परिवर्तनका प्रभाव र असरबारेको शिक्षा पाठ्यक्रममा राख्न सकिन्छ । स्थानीय स्रोत एवं सीपको उपयोग गरी जलवायु परिवर्तनका असर घटाउनका लागि लगानी गर्नु पनि जरुरी छ ।

**बालबालिका विस्थापन**

बालबालिकाहरू आफ्नो घर वा आवासबाट विस्थापन हुनुपर्ने अवस्थासँग जलवायु र वातावरणीय संकट जोडिएका छन् ।

क्रमश: पृष्ठ-३....

# उपचुनाव नतिजाले देखायो तीन प्रवृत्ति



काठमाडौं/स्थानीय तहको उपचुनाव भए पनि थुप्रैले मिनी-मध्यावधि ठानेको लोकतान्त्रिक प्रतिष्पर्धाको अधिकांश नतिजा आइसकेको छ । यसबाट मूलत: तीनवटा प्रवृत्ति देख्न सकिन्छ ।

एक- उपचुनावमा ठूला तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रको मताधार धेरथोर अदलबदल भए पनि उनीहरू नै मुख्य शक्ति हुन् भन्ने तथ्य पुनस्थापित भएको छ । यसअघि रिक्त ४१ मध्ये कांग्रेसले २४ ठाउँ जिते पनि मोरङको ग्रामथान, दैलेखको महाबुजस्ता उल्लेख्य पालिका गुमेको छ ।

एमालेतर्फ पनि यस्ता दृष्टान्त छन् । जहाँनेर कांग्रेस र एमालेको विजय भएको छ, मतको रुझान हेर्दा उनीहरूलाई मतदाताले उत्साहका साथ मतदान गरेको भने देखिँदैन । कांग्रेस र एमालेले आफ्नो भागमा ठूलो जनमत रहेको भन्दै सत्ता साझेदारी गरे पनि मतदाताले उल्लेख्य रूपमा त्यसतर्फ भर गरेको नतिजाबाट देखिएन ।

दुई- रास्वपालगायत नयाँ दलहरूले दुई वर्षअघि जगाएको उत्साह राम्रैसँग ओरालो लागेको देखिन्छ, तर त्यो मतलाई पुराना दलहरूले आफूतिर फर्काउन भने सफल भएको देखिँदैन । सभापति रवि लामिछाने शृंखलाबद्ध विवाद र अभियोगमा फस्दै जाँदा रास्वपाको सार्वजनिक साखलाई असर परेको उपचुनावले देखायो ।

राष्ट्रिय राजनीतिक महत्वाकांक्षा बोकेर कहिले इलाम, कहिले काठमाडौं कुदिरहेका धरानका मेयर हर्क साम्पाङको 'हर्कबढाइँ' मा गत वैशाख र यो मंसिरका दुवै उपचुनावले ब्रेक लगाएको दृष्टान्त भेट्न सकिन्छ ।

तीन- राप्रपा लगायत पुरातन शक्तितर्फ मतदाताको झुकाव अत्यधिक घट्दो क्रममा रहेको पनि परिणामबाट बुझ्न सकिन्छ । कांग्रेस, एमाले र माओवादीको शृंखलाबद्ध असफलतालाई आफू र राजातर्फ खिच्न सकिने ठानेर सक्रिय ती शक्तिले कतै पनि आफूलाई स्थापित गर्न सकेको देखिएन ।

नेमकिपा, जसपाका एकाध सिटले उपचुनावको मूल प्रवृत्तिलाई फरक पार्न सकेको देखिएन । जनमत पार्टीको हकमा पनि त्यस्तै भएको छ । 'जनताले परम्परागत दलहरूको विकल्प भेटिसकेका छैनन् भन्ने उपचुनावबाट स्पष्ट भयो, तर मतदाता चलायमान भइरहेका छन् भन्ने स्पष्ट संकेत छ' विश्लेषक झलक सुवेदी भन्छन्, 'त्यसैले कुनै पनि दलले यो नतिजाबाट आफू सुरक्षित छु भनेर ढुक्क नभए हुन्छ ।'

सुवेदीले भनेजस्तै दुई वर्षअघिको जनमत कहीँ उल्टोपाल्टो, कहीं साटफेर भएको देख्न सकिन्छ । त्यस बेला गठबन्धन गरेर लडेका कांग्रेस र माओवादी यसपल्ट अलग हुनुको असर थोरैमात्र छ, बरु माओवादीले त्यसलाई आफ्नो पक्षमा ल्याएको देख्न सकिन्छ । यो रिपोर्ट तयार पार्दासम्म कीर्तिपुर, दोलखाको गौरीशंकर, अनि हुम्लाको सर्केगाड लगायत केही ठाउँको नतिजा आउन बाँकी छ । यसअघि कांग्रेसले जित्दै आएका मोरङको ग्रामथान, दैलेखको महाबु जस्ता पालिकालाई यथावत् राख्न सकेन ।

एमालेले यसअघि कांग्रेसले जितेको बाजुराको स्वामीकार्तिक उपप्रमुखमा नतिजा उल्टाएको छ । दैलेखको महाबुमा पनि कांग्रेस हराएर एमालेका पालिका प्रमुख जंगबहादुर शाही आएका छन् । 'नेताविशेषको प्रभाव वा संगठनको बलले चुनावको नतिजा तलमाथि हुनु बेग्लै कुरा, नत्र उपचुनावले कांग्रेस र एमालेलाई ठिक रहेछन् भनिनसकेको, अनि नयाँ विकल्पलाई पत्यार गरिनसकेको सन्देश मिल्छ' राजनीतिक विश्लेषक विष्णु सापकोटा भन्छन्, 'कांग्रेस र एमाले अलग मान्यतामा खुलेका दल भए पनि जनताको ठूलै पंक्तिमा यी दुई दल उस्तै-उस्तै रहेछन् भन्ने सन्देश जानु राम्रो होइन ।'

कांग्रेसका दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मालाई चुनावी अभियानको समग्र जिम्मा दिइए पनि पार्टी पंक्तिले उनीहरूलाई खुला रूपमा आत्मसात गरिनसकेको दृष्टान्त उपचुनावमा देखिएको सापकोटा बताउँछन् । यसको सन्देश हो- कम्युनिष्टहरू टुटफुट र विभाजनमा लागिरहँदाको फाइदा उठाउने सुविधा कांग्रेसलाई सधैं हुँदैन ।

चुनाव तयारीकै बीचमा कांग्रेस त्यागेर माओवादी प्रवेश गरेका मोरङ ग्रामथानका नमोनारायण माझीले जितेको, अनि रुख चिह्न लिएर रुकुम पूर्व पुथा उत्तरगंगामा उठेकी एमाले उम्मेदवार केशकुमारी तुलाचनलाई हराउँदै माओवादीकी नरपुरा बुढाले जितेको जस्ता केही दृष्टान्त हेर्दा प्रतिपक्षी कित्तामा बस्नुको राजनीतिक लाभ माओवादी केन्द्रले उठाएको देख्न सकिन्छ ।

विगतका चुनावमा माओवादी नेतृत्वले एक्लै चुनाव लड्न दकस मानेको, बरु कहिले कांग्रेस अनि कहिले एमालेसँग मिलेर गठबन्धन गरेको थियो । तल्लो इकाईका कार्यकर्ता तथा समर्थकले माओवादीलाई एक्लै लड्ने आत्मबल भुइँतहबाटै प्रदान गरेका छन् । यसले माओवादीलाई एक्लै उभिने हिम्मत देखाउन बल दिएको बताउँछन् नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्मा । 'जितका कैयौं इतिहास रचेका माओवादी हार्न डराउँदा विगतमा कम सिट प्राप्त भएको हो' उनले भने, 'हामी एक्लै निर्वाचन लड्न सक्छौं र लड्नुपर्छ ।'

'कांग्रेस र एमालेको सनातनी शक्तिमा अहंकार बढ्ने जोखिम छ, उनीहरूले यहाँ कोही छैन हामी नै हौं भन्न सक्छन्' लेखक खगेन्द्र संग्रौला भन्छन्, 'माओवादीले केही प्रगति अवश्यै गरे पनि ऊ मूलत: कांग्रेस र एमालेकै कित्तामा छ । त्यसैले उपचुनावले यथास्थितिको किल्लामा टसमस भएको देखाएन ।'

स्थानीय निर्वाचनको नतिजाले द्विदलीय व्यवस्थाको वकालत गर्ने केही नेताहरूलाई धारणाबारे पुनर्विचार गर्ने ठाउँ दिएको छ । साथै संगठनको बलमा सधैं नतिजा आफ्नो पक्षमा राख्न सम्भव छैन भन्ने पनि सन्देश निहित छ । रास्वपाले काठमाडौं महानगर १६ मा पाएको वडा प्रमुख पदको विजयले उसको समग्र निराशालाई सान्त्वनामा बदल्ने प्रयास गरेको छ । धेरैले ०७९ को लहर किन ०८१ को उपचुनावमा आउन सकेन भनी सोधिरहेका बेला विश्लेषक संग्रौला भन्छन्, 'रास्वपा भनेको सडकमा कुद्दाकुद्दै बनेको भुइँफुट्टा पार्टी हो । तै पनि चुनावै जित्नेगरी काम गर्न संगठन थिएन, तिनले समय पनि पाएनन् ।'

सुवेदी पनि सहमति जनाउँदै काठमाडौं १६ मा रास्वपाको जितले यो समूह अब बिस्तारै दल बन्ने प्रक्रियातर्फ अघि बढेको सकार्छन् । त्यस्तै, एमालेबाट विभाजित बनेको नेकपा एकीकृत समाजवादीलाई भने एमालेलाई हराउने भूमिकाबाट छुट्टै दलको अस्तित्व खडा गर्नेगरी काम गर्न यो नतिजाले सन्देश दिएको छ ।

यद्यपि, नयाँ भनिएका शक्तिहरूको अकर्मण्यता र दिशाहीनताले मतदातालाई मत बदल्न डर थपिदिएको देखिन्छ । विकल्प दिन्छौं भन्नेहरूलाई भरपर्दो शक्ति मान्न सकिएन भन्ने सन्देश दिंदादिंदै पनि मतदाता मत बदल्नसक्ने अवस्थामा पुगेका देखिन्छन् । मधेसमा जसपाले केही पदहरू जित्दै गर्दा अघिल्लो चुनावमा आक्रामक रूपमा उदाएको जनमत पार्टी भने खुम्चिएको देखिन्छ । ०८४ को चुनावका लागि दलहरूले जुन उल्लासका साथ प्रतीक्षा गरेका थियो, त्यसको रफ्तारमा भने कमी आउने विश्लेषकहरूले आकलन गरेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'प्रेम गीत'पछि अब 'प्रेम गीता' : जान्ह्वी हिरोइन



काठमाडौं/लभस्टोरीमा एउटा यादगार फिल्म मानिन्छ, 'प्रेम गीत' । यसको तेस्रो श्रृंखला समेत निर्माण भइसकेको छ । अब यही नामजस्तै मिल्दोजुल्दो लाग्ने 'प्रेम गीता' नाममा नयाँ फिल्म बन्ने भएको छ । सोमबार पाँचखालबाट फिल्मको छायांकन सुरु गरिएको छ ।

राजेन्द्र बस्नेतले निर्देशनको जिम्मेवारी सम्हालेको फिल्ममा सुशील पोखरेल, जान्ह्वी बस्नेत, अर्जुन गुरुङ (भँगेरी डन), साजिद खान, आशा पौडेल, दीपक केसी, खुश्बु पाण्डे, माधव केसी, मानसी शर्मा, दीपशन लिम्बू, मौसम खड्का, ममता माझी लगायतको अभिनय रहनेछ । फिल्म प्रेमकथामा बन्न लागेको शीर्षकले नै प्रष्ट हुन्छ ।

ग्रीन प्यारोटस् फिल्म प्रोडक्सनको ब्यानरमा निर्माण हुने फिल्मको निर्माता अयाज अली खान हुन् । साजिद खान प्रस्तुतकर्ता रहेको फिल्मको छायांकन काठमाडौं र काभ्रे क्षेत्रमा २५ दिनसम्म हुने निर्देशक बस्नेतले बताए । यसमा मौनता श्रेष्ठको लेखन रहेको छ भने रामेश्वर हुँमागाईको छायांकन, भरत बस्नेतको संगीत, राजु किराँतको द्वन्द्व तथा रामजी लामिछानेको कोरियोग्राफी रहनेछ ।

# दिनेश राउतको 'महाभोज'मा थपिए खगेन्द्रदेखि अञ्जनासम्म



काठमाडौं/फिल्म 'पूजार सार्की'को व्यावसायिक सफलतापछि अब निर्देशक दिनेश राउत नयाँ फिल्म 'महाभोज' बनाउने तयारीमा छन् । पहिला यो फिल्मको नाम 'गाउँ नै रमाइलो' थियो । तर, यो नामले कथावस्तुलाई न्याय नगर्ने भएपछि शीर्षक परिवर्तन गरेर 'महाभोज' राखिएको हो । आगामी माघ १ गतेबाट छायांकन सुरु हुने फिल्ममा कलाकारको 'लाइनअप' बलियो बनेको छ ।

यसअघि फिल्ममा दयाहाङ राई, आर्यन सिग्देल र मिरुना मगरलाई अनुबन्धित गरिएको थियो । अब फिल्ममा खगेन्द्र लामिछाने, अञ्जना बराइली, मलिका महत, अनुपविक्रम शाही, बुद्धि तामाङ र कमलमणि नेपाल निश्चित भएका छन् । कसको जोडी कोसँग बाँधिनेछ, त्यसबारेमा भने जानकारी गराइएको छैन । कलाकारको 'लाइनअप' हेर्दा फिल्म हेर्न दर्शकलाई रोचक हुने देखिन्छ ।

फिल्ममा विकास सुवेदीको लेखन छ । यसअघि उनले 'प्रकाश' र 'पूजार सार्की'को पनि स्क्रिप्ट तयार पारेका थिए । फिल्मको निर्माण भने 'नाङ्गो गाउँ'का निर्माता हिमाल कडरियाले गर्नेछन् । उनको दोस्रो फिल्म 'दु:खी आत्मा'को केही हप्ताअघि मात्र छायांकन सकिएको थियो । पहिलो फिल्म सफल भएपछि उनी निर्माणमा हौसिएका छन् ।

सामाजिक विषयवस्तुमा बन्न लागेको 'महाभोज'लाई आगामी जेठमा रिलिज लक्ष्य राखिएको छ । यसअघि निर्देशक राउतको 'पूजार सार्की' पनि जेठमा नै रिलिज भएको थियो । उनले जेठ महिनालाई 'लक्की' मानेको देखिन्छ । उनले यसअघि 'प्रसाद', 'प्रकाश', 'नोभेम्बर रेन', 'क्लासिक' जस्ता कहिले रोमान्टिक त कहिले सामाजिक कथामा आधारित फिल्मको निर्देशन गरिसकेका छन् ।

# बालबालिकामा जलवायु....

विस्थापन, चाहे छोटो समयको होस् या दीर्घकालिक, त्यसले जलवायु र वातावरणीय संकटबाट उत्पन्न खतराहरूलाई अझ बढावा दिन सक्छ । जब बालबालिका आफ्ना घरबाट विस्थापित हुन्छन्, उनीहरू आफ्ना अभिभावक वा हेरचाह गर्ने व्यक्तिहरूसँग अलग हुने उच्च जोखिममा रहन्छन् । जस कारण उनीहरू शोषणमा पर्ने, बालविवाह हुने लगायत जोखिम रहन्छ ।

केही वर्षयताकै नेपालकै अनुभव हेर्दा पनि धेरै स्थानमा प्राकृतिक विपत्तिका घटनाबाट बालबालिकाले अभिभावक गुमाएको र सहाराविहीन भएको पाइन्छ । यस अतिरिक्त विस्थापनले शिक्षा प्रणालीमा विघटन ल्याउँछ । योसँगै अपर्याप्त खोप र पौष्टिक आहारको अभावका कारण बालबालिकामा स्वास्थ्य जोखिमहरू थपिन्छन् ।

बालबालिका र उनीहरूका परिवारले संसारभर भोगिरहेका संकट, विघटन र विस्थापनलाई कम गर्नका लागि जलवायु र वातावरणीय अनुकूलन पनि आवश्यक छ । यी परिवर्तन कार्यान्वयन गर्नका लागि, सरकार र विश्व समुदायले निर्णायक कदम चाल्नुपर्छ । बालबालिकाको स्वास्थ्य र सकुशलतालाई जलवायु नीति, लगानी र अन्य क्षेत्रहरूको केन्द्रीय विषय बनाइनुपर्छ ।

नेपाल बालअधिकार रक्षा महासन्धिको पक्ष राष्ट्र र जलवायु परिवर्तनका प्रभावले उच्च जोखिममा रहेको मुलुक हो । त्यस कारण नेपालले विस्थापनमा परेका बालबालिकाको स्याहार, स्वास्थ्य, शिक्षा र पुन:स्थापना सुनिश्चत हुने गरी ठोस कार्ययोजना बनाई त्यसलाई सफलतापूर्वक कार्यान्वयन गर्न स्थानीय तहहरूलाई सबलीकरण गर्न जरुरी छ ।

पृथ्वी मात्रको यो संकटले द्वन्द्वको स्थितिहरूलाई पनि जन्म दिन्छ र यसले बालबालिकामा पर्ने हानिको परिमाण बढाउन सक्छ । पर्यावरणीय प्रभाव समाधानका लागि सूक्ष्म तहमा भन्दा महादेश र विश्वस्तरमा विस्तारित र ठुलो स्तरको प्रयास जरुरी हुन्छ । त्यसै गरी समस्याको विश्वव्यापी समाधान पनि जरूरी हुन्छ ।

**तथ्यांक प्रक्षेपण**

नेपालमा विगत तीन दशकयता नवजात र बाल मृत्युदरमा देखिएको ऐतिहासिक कमीको निरन्तरताले बाल स्वास्थ्यमा भविष्यप्रति आशावादी बनाएको छ, तर बाल जीवनरक्षा र बाल-बचाउका सन्दर्भमा एक बच्चाको मृत्यु हुनु पनि धेरै ठुलो क्षति हो ।

यसै वर्षको नोभेम्बर २० मा युनिसेफद्वारा प्रकाशित 'विश्वका बालबालिकाको अवस्थासम्बन्धी प्रतिवेदन २०२४' ले वर्तमानमा न्यून-आय भएका देशहरूमा बालबालिकाको संख्या सन् २०५० को दशकमा उल्लेख्य बढ्ने प्रक्षेपण गरेको छ । युनिसेफको विश्लेषण अनुसार, हाल कम आय भएका २८ देशहरूमा बसोबास गर्ने बालबालिकाको संख्या सन् २०५० मा बढेर २३ प्रतिशत हुनेछ । त्यहाँ यो संख्या सन् २००० को दशकमा जम्मा ११ प्रतिशत थियो । सन् २०५० को दशकमा नेपालका छिमेकी देशहरू भारत, चीन, पाकिस्तान र बंगलादेशमा बालबालिकाहरूको संख्या मात्रै विश्वको २८.५ प्रतिशत हुनेछ ।

एक विश्लेषण अनुसार सन् २०५० मा नेपालको कुल जनसंख्या करिब तीन करोड ४७ लाख पुग्ने र १८ वर्षमुनिका बालबालिकाको अनुपात कुल जनसंख्याको लगभग एक चौथाइ हुने बताएको छ । यद्यपि यो अनुपात अहिलेको (३५ प्रतिशत) तुलनामा सानो भए पनि व्यक्ति गणनाको संख्या अहिलेको भन्दा केही लाख मात्रै सानो हुने देखिन्छ । त्यसैले नेपालका लागि बालबचाउ र किशोरावस्थाको जनसंख्याको स्वास्थ्य र सकुशलताको विषय अबका केही दशकसम्म उत्तिकै महत्त्वपूर्ण रहिरहनेछ ।

युनिसेफको प्रतिवेदनले सन् २०५० को दशकमा सन् २००० को दशकको तुलनामा विश्वका धेरै बालबालिकाले चरम जलवायुजन्य समस्याको सामना गर्ने प्रक्षेपण गरेको छ । यस प्रतिवेदन अनुसार, आजको तुलनामा सन् २०५० मा करिब आठ गुणाभन्दा बढी बालबालिकाले अत्यधिक ताप लहरको सामना गर्नुपर्नेछ ।

*(साभार: रातोपाटी)*

# टीयू मैदानमा सोहेल तनविरको जादु



काठमाडौं/सन् २००८ मे ४, इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटको पहिलो संस्करणमा पाकिस्तानका सोहेल तनविरले राजस्थान रोएल्सबाट खेलेका थिए । जहाँ उनले चेन्नई सुपर किंग्सविरुद्ध ४ ओभरमा १४ रन खर्चेर ६ विकेट लिएका थिए । एकै खेलमा ६ विकेटको कीर्तिमान तोडिन आईपीएलमा एक दशक लागेको थियो । धेरै क्रिकेट फ्यानको लागि तनविरको त्यो कीर्तिमान अझै ताजा छ ।

त्यसको १६ वर्षपछि अर्थात २०२४ डिसेम्बर २, कीर्तिपुर स्थित टीयू अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा उनै भेट्रान तनविरले चितवन राइनोजबाट नेपाल प्रिमियर लिग (एनपीएल) मा डेब्यु गर्दै पहिलो खेलमा ५ विकेट लिए । उनी एनपीएलमा ५ विकेट लिने पहिलो खेलाडी बने । ३९ वर्षको उमेरमा पनि उनको जोश उस्तै थियो । हजारौं नेपाली समर्थक अगाडि उनले आफ्नो बायाँहाते बलिङको जादु देखाए ।

सोमबार काठमान्डु गुर्खाज विरुद्ध तनविरले ४ ओभरमा २१ रन खर्चेर ५ विकेट लिए । तनविरकै धारिलो बलिङ सामु संघर्ष गरेको काठमान्डुले १११ रन मात्र बनाउन सक्यो । चितवनले १७ बल अगावै ५ विकेट गुमाएर ११४ रन बनाउँदै लक्ष्य पूरा गर्‍यो ।

तनविर नै खेलको प्लेअर अफ दि म्याच बने । उनले काठमान्डुको विदेशी टप अर्डर माइकल लेभिट र स्टेफेन इस्किनाजीसहित भिम शार्की, करण केसी र शाहब आलमलाई आउट गरे । दोस्रो ओभरमै बलिङमा आएका तनविरले आफ्नो पहिलो बलमै इस्कीनाजीलाई आउट गरेका थिए । त्यसपछि उनले चौथो ओभरमा लेभिटलाई आउट गरे । छैटौं ओभरमा भिम शार्कीलाई एलबीडब्लु धरापमा पारेका तनविरले पावरप्लेमै ३ विकेट लिएर काठमान्डुको इनिङ्स धरासयी बनाइसकेका थिए ।

त्यसपछि उनले १९औं ओभरमा बलिङ गरे । जहाँ उनले पहिलो बलमा कप्तान करण केसीलाई आउट गरे । अनी पाँचौ बलमा शाहबलाई आउट गर्दै आफ्नो ५ विकेट पूरा गरे ।

लिग सुरु हुनुअघि सबैले चितवनलाई कमजोर मानेका थिए । तर तनविर र रवि बोपारा जस्ता टी२० लिगका अनुभवी खेलाडी अनी नेपालका भेट्रान शरद भेषावकरको साथ पाएको चितवनले विजयी सुरुवात गर्‍यो । त्यसमा युवा कप्तान कुशल मल्ल, अमर सिंह राउटेला, सन्तोष कार्की, विपिल रावल जस्ता खेलाडीले पनि राम्रो खेले । अनुभवी खेलाडीहरुसाग युवा खेलाडीले सिक्ने अवसर समेत पाए ।

पहिलो खेलमै प्लेअर अफ दि म्याच प्रदर्शन गरेका तनविरले अहिलेसम्मको अनुभवले नै आफूलाई सहयोग गरेको बताए । 'सजिलो थिएन । टी२० मा बलिङ गर्नु सधैं नै कठिन हुन्छ । ४०० खेल खेलसकें । त्यो अनुभवले सहयोग गर्‍यो । कन्डिसन अनुसार कसरी बलिङ गर्ने सहयोग भयो' उनले भने । आजको दिन आफ्नो लागि लक्की डे भएको समेत उनले बताए ।

काठमाडौं आइपुगेको छोटो समयमै खेल्नुपरे पनि उनको अनुभव नै काफी थियो । उनले टिमसँग धेरै समय बिताउन पाएका थिएनन् । तर सब कन्टिनेन्टमा खेलेको अनुभव थियो । 'सब कन्टिनेन्समा धेरै क्रिकेट खेलेको थिएँ । तर नेपालमा खेलेको थिइँन । यहा बंगलादेश जस्तै कन्डिसन थियो । कन्डिसनमा एडजस्ट हुन मलाई धेरै समय थिएन । मैले धेरै समय पाइन । तर मेरो अनुभवले फाइदा भयो', खेलपछि उनले भने ।

तनविरले चितवनको टिममा युवा खेलाडीहरु रहेको र टिम राम्रो रहेको बताए । यस्तै उनले आफू नेपालमा एनपीएल खेल्न मात्र नभएर क्रिकेटिङ ज्ञान सेयर गर्नका लागि पनि आएको बताए ।

'हामी यहाँ जित्न आएको हो । तर महत्वपूर्ण कुरा नेपालका युवा खेलाडीहरूलाई ज्ञान बाँड्नु हो । त्यो मुख्य आइडिया हो । मैले २० वर्ष खेलिसकें । सबै पाइसकें । क्रिकेट खेल्नु मेरो प्यासन हो' तनविरले भने, 'म यहाँ मेरो क्रिकेटिङ नलेज ट्रान्सफर गर्न आएको हो । मेरो टिममा मात्र नभई म अरु टिमका लागि पनि खुल्ला छु । यदी मलाई कसैले केही सहयोग मागेमा म तयार छु ।'उनले क्रिकेट आफ्नो प्यासन भएकोले जहाँ क्रिकेट हुन्छ त्यहाँ आफू खुशी हुने बताए । तनविरले छिमेकी देश भारतमा आईपीएल देखि पाकिस्तानको पाकिस्तान सुपर लिग बंगलादेशको बंगलादेश प्रिमियर लिग लगायत विभिन्न प्रतियोगिता खेलिसकेका छन् । त्यसैले उनीसँग भरपूर ज्ञान र अनुभव नै छ ।

उनले खेल्ने मात्र नभई आईपीएल र पीएसएल जितेका पनि छन् । सन् २००८ मा राजस्थान रोएल्सबाट पहिलो संस्करणकै आईपीएल जितेका तनविरले सन् २००९ मा टी२० विश्वकप पनि जितेका थिए । आईपीएल देखि एनपीएलसम्म आइपुग्दा उनले सयौं खेल खेले । सयौं विकेट लिए । उमेर चार दशक हुँदा पनि क्रिकेट खेलिरहेका छन् र निकै हम्बल देखिन्छन् । आईपीएल सुरु भएपछि भारतीय क्रिकेटमा धेरै परिवर्तन भएको र नेपालमा पनि यस्ता लिगले सहयोग गर्ने बताए । 'मैले आईपीएलबाट खेल्न सुरु गरें । त्यसपछि भारतमा क्रिकेट धेरै परिवर्तन भयो ।

# शिल्पाको हातमा भोजपुरी फिल्म, तर छैन नेपाली फिल्म



काठमाडौं/म्यूजिक भिडियो हुँदै फिल्म 'लज्जा'बाट डेब्यु गरेकी अभिनेत्री शिल्पा पोखरेलको केही वर्ष करिअर सन्तुलित नै रह्यो । 'हवल्दार सुन्तली', 'किस्मत २', 'मंगलम' जस्ता फिल्म सफल हुँदा उनलाई कामको अभाव भएन । तर, पूर्वपति तथा निर्माता छविराज ओझासँगको कानुनी झमेलापछि भने उनको करिअर एकाएक सुस्ताएको छ । फिल्ममा त उनी नदेखिएकै ५ वर्ष भइसकेको छ ।

उनी पछिल्लो पटक फिल्म 'भिलेन' (२०१९)मा देखिएकी थिइन् । यो फिल्म बक्स अफिसमा नराम्रोसँग पिटियो । यसपछि उनले फिल्म 'आर्या'मा काम गरिन्, जुन प्रदर्शनमा नै आएको छैन । यसपछि उनले कुनै पनि फिल्म गरेकी छैनन् । अझ भनौं, उनी फिल्मविहीनको अवस्थामा छिन् । यद्यपि, म्यूजिक भिडियो भने उनले निरन्तर गर्दै आइरहेकी छन् ।

नेपाली फिल्मबाट अफर टुटेको भए पनि शिल्पालाई भोजपुरी फिल्म निरन्तर हातमा पर्दै आइरहेको छ । 'प्रेमगीत २', 'जय शम्भो', 'वान म्यान आर्मी' जस्ता भोजपुरी फिल्ममा काम गरिसकेकी उनको पाइपलाइनमा अझै दुईवटा फिल्म छन् । उनी चाँडै 'पुलिस स्टोरी' फिल्मका लागि क्यानडा जाने तयारीमा छिन् । उनको अर्को फिल्मको छायांकन पनि क्यानडामा नै हुने जनाइएको छ ।

यसरी हेर्दा अब शिल्पाले भोजपुरी फिल्ममा आफ्नो करिअर बनाउन खोजेको देखिन्छ । एकपछि अर्को फिल्म हातमा पर्नुले पनि उनलाई भोजपुरीमा स्थापित हुन थप सहज बनाएको छ । तर, नेपाली फिल्ममा भने उनको कमब्याक अनिश्चित छ । यो अवस्थामा 'आर्या' रिलिज भएको खण्डमा उनलाई ठूलो राहत हुनसक्छ । उनको पखाई पनि यही फिल्मलाई लिएर देखिन्छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# उपचुनावको नतिजाले उत्साहित माओवादी

काठमाडौं, १७ मंसिर/ नेकपा माओवादी केन्द्रले आइतबार सम्पन्न उपचुनावबाट आफ्नो जित सुरक्षित गर्दै थप स्थानहरुमा जितेको छ । ०७९ मा माओवादीले जितेको रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिका उपाध्यक्ष र हुम्लाको सर्केगाड गाउँपालिका उपाध्यक्ष सहित ८ स्थानमा उपचुनाव भएको थियो । यसपटक यी पालिकाहरु जोगाउनु माओवादीलाई चुनौती थियो ।

किनकि ०७९ को चुनाव हुँदै गर्दा नेपाली कांग्रेस सहितको पाँच दलीय गठबन्धनमा माओवादी सामेल थियो । जसका कारण धेरथोर सहज थियो । यसपटक भने माओवादी एक्लै बनेको मात्र होइन, पुथा उत्तरगंगा सहित केही स्थानमा माओवादीविरुद्ध कांग्रेस-एमालेबाट साझा उम्मेदवारी परेको थियो ।

तर नतिजा माओवादीकै पक्षमा आयो । धेरैले चासो दिएको पुथा उत्तरगंगा गाउँपालिका उपाध्यक्षमा माओवादीकी नरपुरा बुढा विजयी भइन् । सत्तारुढ गठबन्धनका केशकुमारी तुलाचनले २१२८ मत ल्याउँदा नरपुराले ३६२७ मत ल्याएर गाउँपालिका उपाध्यक्ष जितिन् ।

माओवादीले ०७९ मा पदाधिकारी जितेको अर्को क्षेत्र सुर्केगाडको अन्तिम नतिजा आइसकेको छैन । तर अरुतिर आइसकेको अन्तिम नतिजाबाट माओवादी पंक्ति उत्साहित छ । माओवादी बढी उत्साहित बनाउने उपनिर्वाचन मोरङको ग्रामथानमा भयो । २०७९ को चुनावमा यहाँ माओवादी उम्मेदवार तेस्रो बनेका थिए । त्यसबेला कांग्रेसका जयप्रकाश गच्छदार थारुले ७६०५ मत ल्याएर अध्यक्ष जित्दा एमालेका शिवनारायण माझीले ६०९३ मतसहित दोस्रो र माओवादीका विजयकुमार सरदारले २७२७ मत ल्याएर तेस्रो भएका थिए ।

तर यो उपचुनावमा नतिजा उल्टियो । माओवादी उम्मेदवार नमोनारायण माझीले ६९६९ मत ल्याएर अध्यक्ष जिते । कांग्रेसका बलराम सरदार थारुले ५३३३ मत र एमालेका तुलसीराम विश्वास ४१५९ मत ल्याए । अर्थात् ४२४२ मत थपेर माओवादीले पालिका अध्यक्ष जित्यो । यो चानचुने मेहनतले पुग्ने कुरा होइन ।

माओवादीले जितेको अर्को पालिका पदाधिकारी जाजरकोटको नलगाडमा जित्यो । यहाँ माओवादीकी देवका लामिछानेले ४२७२ मत ल्याएर उपमेयर जितेकी छन् । निकटतम प्रतिद्वन्द्वी बनेकी कांग्रेस उम्मेदवार इन्द्राचन्द सिंहले ३१४७ मत ल्याएकी छन् भने एमाले उम्मेदवार सुनिता बोहराले २५४२ मत ल्याइन् ।

२०७९ को चुनावमा नलगाडमा कांग्रेससँग माओवादीको गठबन्धन थियो । गठबन्धनबाट मेयरमा माओवादीका डम्मरबहादुर रावत र उपमेयरमा कांग्रेसकी सरिता सिंह विजयी भएका थिए । तर १७ कात्तिक २०८० को भूकम्पमा परी सिंहको मृत्यु भएपछि उपचुनाव भएको हो । उपचुनावमा उपमेयर जितेपछि नलगाडको दुवै पदाधिकारी माओवादीको पोल्टामा गएको छ ।



**दोस्रो र तेस्रोबाट पहिलो**

माओवादीले उपचुनावमा अधिकांश उम्मेदवार पुरानै उठाएको थियो । ती उम्मेदवारहरु अघिल्लो चुनावमा तेस्रो र दोस्रो भएका भएका थिए । अहिले जित्नेहरु तिनै उम्मेदवार छन् ।

तेस्रोबाट पहिलो बनेर वडाध्यक्ष उदाहरण हो, धनुषाधाम नगरपालिका-१, धनुषा र त्रियुगा नगरपालिका-१२, उदयपुर । धनुषाधाम-१ मा यसपटक माओवादीका शुनिल कापर केवट ६८४ मत ल्याएर विजयी भए । दोस्रो भएका कांग्रेसका उम्मेदवार अशोक कुमार मण्डलले ६०२ मत पाए भने तेस्रो स्थानमा रोकिएका एमालेका अजयकुमार यादवले ४९९ मत ल्याए ।

०७९ सालको चुनावमा यो वडामा कांग्रेसका विश्वनाथ यादव ६१८ मत ल्याएर विजयी भएका थिए । त्यसबेला एमालेका प्रमोद यादव ३७७ मत ल्याएर दोस्रो हुँदा माओवादीका शुनिल कापर केवट ३६९ मत ल्याएर तेस्रो भएका थिए । अघिल्लो चुनावमा तेस्रो भएका केवटलाई नै माओवादीले उपचुनावमा पनि उम्मेदवार बनायो । अघिल्लो चुनावमा पाएको मतमा ३१५ मत थप्दै केवट विजयी भए । उदयपुरको त्रियुगा-१२ मा माओवादीका नविनकुमार वान्तवा विजयी भए । जबकि अघिल्लो चुनावमा उनी तेस्रो स्थानमा रोकिएका थिए ।

२०७९ सालमा कांग्रेसका चुडाराज काफ्ले ४३९ मतसहित विजयी भएका थिए । त्यसबेला एमालेका रमेश राउत ४०८ मत ल्याएर दोस्रो हुँदा माओवादीका वान्तवा ४०४ मत ल्याएर तेस्रो भएका थिए । उपचुनावमा माओवादीले उनै वान्तवालाई पुन: उम्मेदवार बनायो । वान्तवा ९२३ मत ल्याएर विजयी भए । चुनाव जित्न वान्तवाले अघिल्लो चुनावमा पाएकोभन्दा बढी मत अर्थात् ५०९ मत थपे । एमालेकी लक्ष्मी नारायण चौधरी ६०८ मत ल्याएर दोस्रो भइन् भने यसअघि चुनाव जितेको कांग्रेसका सञ्जीव काफ्ले ३५९ मत ल्याएर तेस्रो भए ।

गोरखाको गोरखा नगर पालिका-५, मा भने माओवादी दोस्रोबाट पहिलो भयो । यो वडामा २०७९ सालमा कांग्रेसका ओमराज वली ५१४ मत ल्याएर विजयी हुँदा माओवादीकी कमलाकुमारी शाही ४९८ मत ल्याएर दोस्रो भएकी थिइन् । यसपटकको उपचुनावमा भने माओवादीका विष्णुबहादुर मगर ४८६ मत ल्याएर विजयी भए । निकटतम प्रतिद्वन्द्वी कांग्रेसका भाइकाजी आलेले ४०२ मत पाए । डोल्पाको त्रिपुरासुन्दरी-५ र नुवाकोटको ककनी गाउँपालिका-२ मा पनि माओवादी केन्द्र दोस्रोबाट पहिलो भएको छ ।

त्रिपुरासुन्दरी-५ मा १६१ मत ल्याएर माओवादीका नरबहादुर झाँक्री विजयी भए । एमालेमा नर बहादुर रोका ११६ मत ल्याएर दोस्रो भए । जम्मा २१ मत ल्याएर कांग्रेसका राजेन्द्रप्रसाद न्यौपाने तेस्रो भए । यो वडामा २०७९ को चुनावमा एमालेका नन्दलाल रोका १०८ मत ल्याएर विजयी भएका थिए । त्यसबेला माओवादीका जंगबहादुर रोकाया १०२ मत पाएर दोस्रो भएका थिए भने कांग्रेसका नर बहादुर झाक्री ८२ मतसहित तेस्रो भएका थिए । उनै झाक्री यसपटक माओवादीबाट उम्मेदवार भए र चुनाव जिते ।

ककनी गाउँपालिका २ मा यसपटक १ हजार ८५ मत ल्याएर कृष्ण घिमिरे विजयी भए । कांग्रेसका सूर्य तामाङ ५८७ मत ल्याएर दोस्रो हुँदा एमालेका यमबहादुर लामा ३४२ मत ल्याएर तेस्रो भए । २०७९ सालको चुनावमा यो वडामा कांग्रेसका तिलकबहादुर लामा ८८८ मत ल्याएर विजयी भएका थिए । त्यसबेला माओवादीका कृष्ण घिमिरे ७३४ मत पाएर दोस्रो हुँदा एमालेका प्रेमबहादुर तामाङ २०५ मतसहित तेस्रो भएका थिए ।

यसपटक यो वडामा माओवादीका घिमिरे मत बढाएर विजयी भए । एमालेका उम्मेदवार लामा पनि मत बढाएर दोस्रो स्थानमा उक्लिन सफल भए । तर कांग्रेसका उम्मेदवार तामाङ भोट घटाएर तेस्रोमा झरे । चुनाव हारेको क्षेत्रमा पनि माओवादी केन्द्रले मत बढाएको छ । रौतहटको राजपुर नगरपालिका वडा नम्बर ६ मा सम्पन्न उपचुनावमा कांग्रेसका समसे आलम ७४४ मत ल्याएर विजयी भए । निकटत प्रतिद्वन्द्वी माओवादीका जिकरुलाहले ४६३ मत पाए । तेस्रो भएका एमालेका मोहम्मद नसिम अख्तरले ४३१ मत ल्याए ।

जबकि यो वडामा साढे दुई वर्षअघि माओवादी केन्द्रले जम्मा १७ मत पाएको थियो । यसपटक चुनाव हारेर पनि माओवादीले यो वडामा ४६३ मत थपेको छ ।

**वडा फेरिए, संख्या उही**

रुकुम पूर्वको पुथा उत्तर गंगा गाउँपालिका वडा नम्बर २ को वडाअध्यक्ष माओवादीले बचाएको हो । यो पालिकामा यसपटक जगत घर्ती निर्विरोध निर्वाचित भए । यसअघि माओवादीकै जसबहादुर श्रीपाली वडाअध्यक्ष थिए । उनको निधन भएपछि उपचुनाव भएको हो ।

बाँकी पाँच वटा वडाअध्यक्ष माओवादीले गुमाएको छ । माओवादी केन्द्रले २०७९ मा चुनाव जितेको हेटौंडा उपमहानगर पालिका वडा नम्बर १२, जाजरकोट कुशे गाउँपालिका ७, दार्चुला दुहु गाउँपालिका ५, महोत्तरी रामगोलापुर नगरपालिका २, कालिकोट तिलागुफा गाउँपालिका वडा नम्बर ४ को वडाअध्यक्ष गुमाएको हो । हेटौंडा उपमहानगर पालिका वडा नम्बर १२ मा यसपटक कांग्रेसका अर्जुनप्रसाद तिवारी विजयी भए । यसअघि यो वडामा माओवादीका ललतिबहादुर घलान निर्वाचित भएका थिए । यसपटक माओवादीका उम्मेदवार रविकुमार प्रधान दोस्रो भए ।

जाजरकोट कुशे गाउँपालिका ७ को वडाअध्यक्षमा यसपटक कांग्रेसका खम्बहादुर सिंह निर्वाचित भए । अघिल्लो पटक यो वडामा माओवादीका मनबहादुर घर्ती निर्वाचित भएका थिए । यसपटक माओवादीका गोरख बहादुर नेपाली दोस्रो भए । दार्चुला दुहु गाउँपालिका ५ मा यसपटक कांग्रेसका धनबहादुर कुँवर विजयी भए । अघिल्लो चुनावमा यो वडामा माओवादीका मनोरथ भट्ट निर्वाचित भएका थिए । यसपटकको उपचुनावमा माओवादीका विर बहादुर कार्की तेस्रो भए ।

महोत्तरी रामगोलापुर नगरपालिका २ मा यसपटक एमालेका सकिवुल खाँ निर्वाचित भए । माओवादीका आइती कुमारी यादव दोस्रो भइन् । जबकि २०७९ को चुनावमा यो वडाको अध्यक्षमा माओवादीका मुकेशकुमार यादव विजयी भएका थिए । कालिकोट तिलागुफा गाउँपालिका वडा नम्बर ४ को वडाअध्यक्षमा नेपाल मजदुर किसान पार्टीका खड्गराज शाही निर्वाचित भए । माओवादीका नैसोभा शाही दोस्रो भइन् । अघिल्लो चुनावमा यो वडाको अध्यक्षमा परबहादुर शाही निर्वाचित भएका थिए ।

यसअघि जितेका पाँच वटा वडा अध्यक्ष पद गुमाएपनि सोही संख्या कायम राख्न माओवादीले यसअघि कांग्रेसले जितेका र एमालेले जितेका वडा अध्यक्षमा आफ्ना उम्मेदवारलाई जिताउन सफल भएको हो ।

**माओवादीलाई ढाढस, सबैलाई सन्देश**

बागमती प्रदेशका अध्यक्ष सरल सहयात्रीका अनुसार उपचुनावले जनमत यथास्थानमा बस्दैन भन्ने शिक्षा दिएको छ । माओवादीले एक्लै चुनाव लडे सकिन्छ भन्ने कतिपयको पुर्वानुमान खण्डन गरिदिएको छ ।

उनी भन्छन्, 'माओवादी केन्द्रले पुराना आधार इलाकामा मात्रै भर गर्ने हो त्यो पनि हामी भत्काइदिन्छौं' भन्ने विपक्षी दलका कतिपय नेताको टिप्पणीलाई उपनिर्वाचनले अस्वीकार गरिदिएको छ ।'

उपचुनावले माओवादी स्वयमलाई पनि महत्वपूर्ण शिक्षा प्रदान गरेको उनलाई लाग्छ । अध्यक्ष सहयात्री भन्छन्, 'माओवादी केन्द्रका लागि आफ्ना आधार ईलाका वा जितेका ठाउँ भनेर ढुक्क नबस र हारेका क्षेत्रहरू भनेर निराश नबन भन्ने महत्वपूर्ण शिक्षा प्रदान गर्दै माओवादी केन्द्रको उकालो यात्रा सुरु भएको छ ।'

माओवादी केन्द्रले यसअघि चुनाव जितेका र उपचुनावमा हारेको अवस्थालाई समेत ख्याल गर्दै बागमती प्रदेशका अध्यक्षले जितेको ठाउँ भनेर ढुक्क नबस्न शिक्षा प्राप्त भएको बताएका हुन् ।

राजनीतिक विश्लेषक कृष्ण पोखरेल उपचुनावले माओवादीलाई ढाढस दिनुका साथै नयाँ र पुराना सबै दललाई महत्वपूर्ण सन्देश दिएको बताउँछन् । 'उपचुनावको दुइटा सन्देश छ । एउटा- माओवादीले कमब्याक गर्न सक्छ । अर्को- अब देशमा दुइटा मात्रै शक्ति रहन्छन् भन्ने भाष्यलाई यो उपनिर्वाचनले ध्वस्त गरिदियो ।'

पोखरेलका अनुसार कांग्रेस र एमालेले दुई दल मिलेपछि मुलुकलाई अगाडि बढाउन सकिन्छ भन्ने सन्देश उपचनावबाट दिन चाहन्थे । यसका लागि २०८४ का लागि समेत सन्देश दिने भनेर केही स्थानमा कांग्रेस र एमालेले चुनावी तालमेल नै गरे । पोखरेल भन्छन्, 'चुनावी परिणामले माओवादीले पूर्वमा, पश्चिममा, मधेशमा पनि उपलब्धि गरेको देखिन्छ ।'

बरु अहिलेको चुनावले २०८४ पछिको सरकार बनाउन फेरि पनि कांग्रेस र एमाले नमिल्ने हो भने माओवादीको साथ चाहिने जस्तो देखिन पुगेको पोखरेलको बुझाइ छ । अर्का राजनीतिक विश्लेषक डम्बर खतिवडा उपचुनावले माओवादी कमजोर भईसकेको रहेनछ भन्ने देखाएको बताउँछन् । उपनिर्वाचनको सन्देशबारे उनी भन्छन्, ''एमाले सोचेजस्तो बलियो छैन रैछ, माओवादी भनिएजस्तो कमजोर भईसकेको रहेनछ ।'

बरु कम्युनिस्टहरु एक अर्कोको प्रतिस्पर्धामा रहँदा कांग्रेसले फाइदा लिइरहेको उनको टिप्पणी छ । उनी भन्छन्, 'कांग्रेसलाई कम्युनिस्टका तीन ठुला घटक एमाले, माओवादी र एसबीचको भोट काटाकाटले सिटमा रामै फाईदा भयो, तर लोकप्रिय मतमा खासै उन्नति छैन ।'

*(स्रोत: अनलाइनखबर)*

# पुसदेखि पुन: उत्पादन थाल्दै हेटौंडा सिमेन्ट उद्योग

साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ हेटौंडा सिमेन्ट उद्योग व्यवस्थापनले आगामी पुसको पहिलो साताबाट पुन: सिमेन्ट उत्पादन सुरु गर्ने तयारी गरेको छ । उद्योग व्यवस्थापनले मङ्सिरमै सिमेन्ट उत्पादन सुरु गर्ने बताएपनि उद्योगको विभिन्न उपकरणहरु मर्मतको काम नसकिँदा अझै उत्पादन सुरु हुन नसकेको हो ।




'उद्योगको क्लिङ्कलर मेसिनलगायत उपकरणको मर्मतकार्य अझै भइरहेकै छ,' उद्योग व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले भने, 'हामीले तिहारसम्ममा मर्मत सकिन्छ र त्यसलगतै पुन: सिमेन्ट उत्पादनको कार्य सुरुगर्ने अनुमान गरेका थियौं' तर, अझै उपकरण मर्मतको काम नसकिएकाले उद्योग सुचारु हुन केहीदिन लाग्ने उनको भनाई छ । उद्योगमा रहेका प्राय: उपकरण पुरानो प्रबिधिको र जीर्ण भएका छन् ।

उपकरणको मर्मतकार्य सम्पन्न हुनेबित्तिकै यही पुस महिनाको पहिलो साताबाट सिमेन्ट उत्पादन सुरुगर्ने गरी तयारी भइरहेको अध्यक्ष भण्डारीले बताए । उद्योग व्यवस्थापनले यही असोज १५ गतेदेखि सिमेन्ट उत्पादन बन्द गरेको थियो । उद्योगको उपकरण बनाउन भारतबाट श्रमिक ल्याउनुपर्ने भएकाले मर्मतसम्भारमा समय लागेको बताउँदै अध्यक्ष भण्डारीले मर्मत सम्भारको काम तीव्ररुपमा भइरहेकाले छिट्टै सकिने र त्यसलगत्तै उत्पादन सुरुगर्ने तयारी भएको जानकारी दिए ।

'हामीसँगै कच्चापदार्थको कुनै अभाव छैन', अध्यक्ष भण्डारीले भने, 'उद्योगलाई चाहिने करिब चार सय मेट्रिकटन कोइला मौज्दात छ । थप कोइला खरिदको प्रक्रिया अघि बढीसकेको छ, त्यसैले कोइलाको समस्या छैन,' उनको भनाई छ । आर्थिक अभावका कारण यसअघि दुई महिना उद्योग बन्द भएको थियो । यही भदौको तेस्रो साताबाट सिमेन्ट उत्पादन सुरु गरेको उद्योगले यसअवधिमा ६५ हजार बोरा सिमेन्ट उत्पादन गरेको अध्यक्ष भण्डारीले बताए । २०३३ सालमा हेटौंडाको लामसुरेमा स्थापना भएको हेटौंडा सिमेन्ट उद्योगले २०४३ सालदेखि ब्यावसायिक रुपमा सिमेन्ट उत्पादन सुरु गरेको थियो ।

# चीन पुगेका प्रधानमन्त्रीसँग हेटौंडा-काठमाडौं पोडवेको प्रस्ताव

साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई) परियोजना कार्यान्वयनको सूचीमा हेटौंडा-काठमाडौं ४२ किमि पोडवे पनि समावेश रहेको छ ।



सत्तारुढ दलका मुख्य सचेतक एवम् एमाले सांसद महेश कुमार वर्तौलाले केही समयअघि सदनमा हेटौंडा-काठमाडौं सार्बजनिक यातायात पोडवे संचालन गर्नुपर्ने बताएका थिए । १९८२ सालमा नै हेटौंडाको चौकीटोलदेखि काठमाडौंको टेकु भन्सारसम्म रोपवे संचालन भएको थियो । यो रोपवे भीमफेदी-कुलेखानी भएर यात्रा गर्दा बाटोबाट तारमा झुण्डिरहेको डिब्बा देख्न सकिन्छ ।

यो जीर्ण अवस्थामा भएको रोपवेकै ठाउँमा आधुनिक सार्बजनिक यातायातको साधन पोडवे संचालन गर्न सकिन्छ भनेर बर्तौलाले विषय उठान गर्दै आइरहेका थिए । सोमबार भएको प्रधानमन्त्री केपी ओलीले चीन भ्रमणको बिआर आई कार्यान्वयनको सुचिमा यो परियोजना समाबेश रहेको छ । प्रधानमन्त्री ओलीले चीन भ्रमणमा जानुपूर्व यी लगायत धेरै वटा परियोजना मन्त्रीपरिषदको बैठक राखेर एजेन्डाको रुपमा पास गरिसकेको छ ।

बिआरआइमा यो परियोजना हस्ताक्षर भएर कार्यान्वयन हुनसके हेटौंडा-काठमाडौंको जोखिमपूर्ण यात्रा सहज यात्रामा परिणत हुनेछ । अहिले हेटौंडाबाट काठमाडौं जाँदा करिव ३ घण्टा भन्दा बढी जोखिमपूर्ण यात्रा गर्नुपर्ने वा नारायणघाट-मुग्लिन भएर यात्रा गर्नुपर्ने बाध्यता छ । यो पोडवे संचालनमा आउँदा करिव आधा घण्टाकै समयमा हेटौंडा-काठमाडौं यात्रा गर्न सकिन्छ । यसले काठमाडौंसँग हेटौंडालगायत आसपासका जिल्ला र प्रदेश तथा छिमेकी राष्ट्र भारतको पहुँच वृद्धि हुनेछ ।

# सहकारीबाट बाढीपीडितलाई नयाँ कर्जासेवा

साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ मकवानपुरको इन्द्रसरोवर गाउँपालिका वडा नम्बर ५ फाखेलमा रहेको मितेरी बचत तथा ऋण सहकारी संस्थाले शनिबार प्रथम चौमासिक समीक्षा बैठक तथा अन्तरक्रियागरेको छ ।

बैठकले कार्तिक मसान्तसम्मको प्रगति समीक्षासँगै गत असोज १२ गते भएको प्राकृतिकप्रकोप पीडितलाई लक्षित गरी नयाँ कर्जासेवा विस्तार गर्ने निर्णय गरेको संस्थाका सूचना अधिकारी उमेश बस्नेतले बताए । संस्थाका अध्यक्ष धनराज महर्जनको अध्यक्षतामा बसेको समीक्षा कार्यक्रममा लेखा समिति संयोजक मधुकर कार्की, पूर्वअध्यक्ष शान्तलाल लामा, सल्लाहकार विन्दु विष्ट, केशब कार्की, विभिन्न उपसमितिका संयोजक तथा पदाधिकारी र कर्मचारीको सहभागिता रहेको थियो ।

बैठकमा आव २०८१/८२ को साउनदेखि कार्तिकसम्मको प्रगति र फागुन मसान्तसम्मको लक्ष्यबारे छलफल गरिएको थियो । कार्तिक मसान्तसम्ममा सहकारीको शेयरपुजीँ एक करोड ७० लाख ५४ हजार आठ सय रहेको छ भने जगेडा कोषमा एक करोड ३२ लाख ११ हजार २१५ रुपैयाँ रहेको संस्थाका व्यवस्थापक सरोज थापामगरले बताए ।

उनका अनुसार संस्थाले सदस्यलाई १३ करोड ३ लाख १८ हजार ८५७ रुपैयाँ कर्जा लगानी गरेको छ भने बचत निक्षेपमा १४ करोड ४६ लाख ८२ हजार ७८८ रुपैयाँ रहेको बताए ।

# धवनको व्यापक चर्चाका बीच कर्णालीको फितलो सुरूवात

काठमाडौं, १७ मंसिर/ मार्की खेलाडीमा सोमपाल कामीलाई पाएको कर्णाली याक्स टिम एनपीएलअघि दुईपटक धेरै चर्चामा आयो । पहिलो थियो अक्सनबाट गुल्शन झा र देव खनालजस्ता युवा स्टार खेलाडीलाई अनुबन्ध गर्नु । अनि दोस्रो थियो भारतका चर्चित खेलाडी शिखर धवनलाई अनुबन्ध गर्नु ।

दुईमध्ये दोस्रो कुराले चाहिँ नेपालदेखि अन्तर्राष्ट्रिय स्तर सम्मै व्यापक चर्चामा पायो । शिखर धवनलाई भारतमै पुगेर अनुबन्ध गर्ने कुरादेखि उनी पहिलोपटक नेपालमा खेल्न आउने कुराले क्रिकेट समर्थकहरूबीच रमझम सुरू भइसकेको थियो ।

धवनसँगै हङकङका पावर हिटर बाबर हायात, एसोसिएटका अनुभवी खेलाडी जीशान मकसुद, वेस्टइन्डिजका अनुभवी चाडविक वाल्टन पनि सोमपाल, गुल्शन, देवसँगै कर्णालीबाट खेल्ने भएपछि कर्णालीलाई उपाधिको दाबेदार मान्नेहरू निस्किँदै थिए । कतिपय खेल विश्लेषकहरूले कर्णाली याक्स सन्तुलित टिम भएको र उपाधिको प्रमुख दाबेदारका रूपमा रहने बताएका थिए ।

कर्णालीले सोमबार भएको आफ्नो पहिलो खेलमा जनकपुर बोल्ट्ससँग ८ विकेटको नमीठो हार व्यहोर्‍यो । १४२ रनको लक्ष्य जनकपुरले सहजै भेटायो । कप्तान अनिल शाहले कप्तानी पारी खेल्दै ६२ रन बनाएका थिए । सुरूवातदेखि नै अनिलले आसिफ शेखसँग मिलेर आक्रमक शटहरू गरिरहेका थिए । एक खेल मात्र अवलोकन गरेर कुनै पनि टिमलाई दाँज्न हुँदैन र त्यो अर्थपूर्ण पनि हुँदैन जुन कुरा सोमपालले पनि खेलपछि भनेका थिए । तर जुन् किसिमको चर्चा कर्णालीले पाएको थियो र कागजमा बलियो मानिएको थियो, त्यस हिसाबले हेर्दा कर्णालीले पहिलो खेलमा भने फितलो प्रदर्शन गर्‍यो, विशेषगरी विदेशी खेलाडीहरूबाट सोचेअनुरूप प्रदर्शन हुन सकेन ।

एक्तर्फ पिचले बलरहरूलाई सहयोग गरिरहेको थियो भने सोमपालले ब्याटिङ नै पहिले गर्ने निर्णय गरेका थिए । यसअघि खेलिएका दुवै खेलहरूमा पहिले ब्याटिङ गर्ने टिमले जितेका थिए भने धेरै रन पनि बन्न सकिरहेको थिएन । सबैले खेलेको हेर्न प्रतिक्षा गरेको अनि सर्वाधिक चर्चा समेत बटुलेका खेलाडी शिखर धवन १४ रनमा आउट भए भने चाडविक वाल्टन र जिशान मकसुदले दोहोरो अंकमा रन बनाउन सकेनन् । संघर्ष गरिरहेका बाबर पनि ठुलो शट खेल्ने धुनमा क्याचआउट भए । इनिङ कप्तानले नै सम्हालेर सम्मानजनक स्कोरमा पुर्‍याए ।

आजको खेलमा पनि जनकपुर भने कुनैपनि समय दबाबमा देखिएको थिएन । टस हारेर पहिले बलिङको निम्तो पाएको जनकपुर ले सुरूवातदेखि नै कर्णालीको विकेट लिएको थियो । देव खनाललाई सस्तैमा गुमाएको कर्णालीले स्टार खेलाडी शिखर धवनलाई पनि १४ रनमा गुमायो । चाडविक वाल्टनले पनि धेरै समय टिकेर खेल्न सकेनन् । बाबर हायातले गुल्शन झासँग मिलेर केही समय इनिङ सम्हाले पनि उनी पनि आधाआधी बल डट खेलेर आउट भए ।

गुल्शनले केही ठुलो शट खेलेका थिए भने अन्त्यतिर कप्तान सोमपाल कामी र अर्जुन घर्तीले मिलेर टिमको स्कोर १४१ पुर्‍याएका थिए । यस क्रममा उनीहरूले हर्श थाकर र जिमी नीशमलाई टार्गेट गरेका थिए । जनकपुरका बलर हरू आज पनि किफायती नै देखिएका थिए रु। ललित राजवंशीले आज पनि पहिलो ओभरमा विकेट निकालेका थिए भने थाकरले धवनको विकेट निकालेपछि कर्णाली दबाबमा आएको थियो ।

त्यसपछि पनि निरन्तर विकेट गुमाइरहेपछि कर्णालीले कुनै पनि समय खेलमा हावी हुन सकेन । अन्त्यमा १४१ सम्म भने बनाउन सक्यो । खेलपछि सोमपालले १६०-१७० रन बनाउने लक्ष्य रहेपनि त्यो हुन नसकेको बताए । १४१ रन डिफेन्ड गर्ने क्रममा कर्णालीले सुरूवातदेखि नै कसिलो बलिङ गर्नुपर्ने थियो तर पहिलो ओभरमा नै नन्दन यादवले १६ रन खर्चिए । जनकपुरका आसिफ शेख र अनिल शाहले ८४ रनको ओपनिङ साझेदारी गर्दै सहज जितको आधार तय गरेका थिए ।

विदेशीबाट सोचेको जस्तो प्रदर्शन नभएको भन्ने प्रश्नमा सोमपालले पहिलो खेलबाटै कुनै पनि टिम र खेलाडीलाई जज गर्न नहुने बताए । आगामी खेलमा पिचलाई राम्रोसँग बुझ्दै गएर राम्रो खेल्ने उनको भनाइ थियो । उनले जनकपुर को बलर र दुई ओपनरहरूको पनि प्रशंसा गरेका थिए ।

योसँगै लगातार दोस्रो जित निकालेको जनकपुरले प्लेअफमा स्थान बनाउन सुरूवातदेखि नै दाबेदारी प्रस्तुत गरेको छ । अन्य टिमको ब्याटिङ फितलो देखिएपनि जनकपुर भने फरक पिचमा खेलेको जस्तो अनुभूति हुने गरेर प्रदर्शन गरिरहेको छ ।

*(स्रोत: अनलाइनखबर)*

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना